‘मजदुर’
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

‘मजदुर’ दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २६१ ★ ने. सं. ११४६ कौला थ्व, प्रतिपदा ★ आइतबार ★ २५ असोज, २०८३ ★ October 11, 2026, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

# कोरियाली मजदुर पार्टी जनताको आदर्श साकार पार्न अग्रसर




प्योङयाङ, १० अक्टोबर (केसीएनए)। कोरियाली मजदुर पार्टीले आफ्नो ८१ औँ स्थापना दिवस मनाइरहँदा कोरियाजी जनताको आदर्शलाई यथार्थमा रूपान्तरण गर्ने समयसँगै कोरियाली जनताले सम्मानित महासचिव किम जोङ उनको पार्टी नेतृत्वको इतिहासलाई गहिरो भावनाका साथ सम्झिरहेका छन्।

सम्पूर्ण पार्टीले जनताको हितको लागि निःस्वार्थ सेवा जनताका लागि समर्पित बनाउने प्रयासलाई निरन्तरता दिँदै व्यवहारिक उदाहरण कायम गरेको उहाँले बताउनुभयो।

उहाँले अस्थायी घाटी रेलवेमार्फत प्रकोप प्रभावित क्षेत्रहरूको भ्रमण गर्नुभयो। उहाँले कार र रबर डुङ्गाबाट बाढी प्रभावित क्षेत्रको निरीक्षण समेत गर्नुभएको थियो। उहाँको समर्पित प्रयासहरूको कारण उत्कृष्ट गाउँ सहरहरूको निर्माण भयो।

उहाँको आशयअनुसार हाम्रो पार्टीले ‘जनताका लागि सबै कुरा र उनीहरूकै भरमा सबै कुरा’ भन्ने नारामा आफ्नो कार्यदिशा र नीति बनाएको छ। कोरियाले जनताको हितको लागि निःस्वार्थ सेवा गरेर उनीहरूको सपना र आदर्शलाई पूर्णतामा ल्याउँदै छ।

नयाँ घरमा बसाइँ सर्ने घटनाहरू राजधानी र ग्रामीण क्षेत्रमा क्रमशः भइरहेका छन्। जनतालाई सुखसुविधा दिन देशभर नयाँ ऊर्जा औद्योगिक कारखाना, अस्पताल र मनोरञ्जन कम्प्लेक्स निर्माण भइरहेका छन्। वोन्सान काल्मा तटीय पर्यटकीय क्षेत्र र सभ्यता र समृद्धिका अन्य बहुमूल्य सम्पदाले हाम्रो पार्टीको नीति जनताका लागि हो भन्ने प्रमाणित गर्छ।

“हामी संसारमा सबैभन्दा खुसी छौँ” भन्ने गीत देशव्यापी रूपमा गुन्जिरहेको मातृ पार्टीप्रति समर्पित गायन हो। यसले यस भूमिमा सबै मानिसहरूको हेरचाह गर्ने जनताको असीम श्रद्धा झल्काउँछ - चाहे तिनीहरू दुर्गम टापु वा टाढाको पहाडी गाउँमा किन नबसून्।

महासचिव किम जोङ उनको जनताप्रतिको मायालाई स्मरण गर्दै कोरियाली जनता आफ्नो समाजवादी देशको उज्ज्वल भविष्यमा विश्वस्त छन्।

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

## सामाजिक सुरक्षा भत्ता वितरणसम्बन्धी सूचना

आ.व. २०८३/८४ को सामाजिक सुरक्षा भत्ताअन्तर्गत प्रथम त्रैमासिक (२०८३ साउन, भदौ र असोज)को देहायबमोजिमका बैङ्कहरूमा EFT मार्फत भत्ता जम्मा भइसकेको हुँदा सम्बन्धित लाभग्राहीहरूलाई सम्बन्धित वडा कार्यालय तथा बैङ्कमार्फत निम्न मिति र स्थानमा वितरण गरिने हुँदा उक्त भत्ता रकम बुझ्न लाभग्राहीहरू देहायबमोजिमका कागजातसहित उपस्थित भइदिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**भत्ता वितरण तालिका**

| वडा नं. | भत्ता वितरण मिति | भत्ता वितरण स्थान |
|---|---|---|
| १ | मिति २०८३ असोज २६ गते<br>मिति २०८३ असोज २७ गतेदेखि | १ नं वडा कार्यालय, दूधपाटी<br>कुमारी बैङ्क, नःपुखु |
| २ | मिति २०८३ असोज २६ गतेदेखि | भ.न.पा. नेपाल बैङ्क काउन्टर, ब्यासी |
| ३ | मिति २०८३ असोज २७ गते<br>मिति २०८३ असोज २८ गतेदेखि | ३ नं. वडा कार्यालय, वंशगोपाल<br>कुमारी बैङ्क, नःपुखु |
| ४ | मिति २०८३ असोज २७ गतेदेखि | सिद्धार्थ बैङ्क, राममन्दिर |
| ५ | मिति २०८३ असोज २७ गतेदेखि | लक्ष्मी सनराइज बैङ्क, सुकुलढोका |
| ६ | मिति २०८३ असोज २७ र २८ गते<br>मिति २०८३ असोज २९ गतेदेखि | ६ नं. वडा कार्यालय, भोलाछेँ<br>कुमारी बैङ्क, ब्यासी |
| ७ | मिति २०८३ असोज २८ र २९ गते<br>मिति २०८३ असोज ३० गतेदेखि | ७ नं. वडा कार्यालय<br>कुमारी बैङ्क, जगाती |
| ८ | मिति २०८३ असोज २७ गतेदेखि | प्राइम बैङ्क, च्याम्हासिंह |
| ९ | मिति २०८३ असोज २६ गतेदेखि | सिद्धार्थ बैङ्क, च्याम्हासिंह |
| १० | मिति २०८३ असोज २७ गते<br>मिति २०८३ असोज २८ गतेदेखि | १० नं. वडा कार्यालय, कमलविनायक<br>नेपाल इन्भेस्टमेन्ट मेगा बैङ्क, कमलविनायक |

**आवश्यक कागजातहरू :**

१. सामाजिक सुरक्षा भत्ता परिचयपत्र,
२. संरक्षकको हकमा संरक्षक खुलेको कागजात वा सम्बन्धित वडाको सिफारिस र परिचयपत्र,
३. चेकबुक प्राप्त लाभग्राहीहरूले आफ्नो चेकबुक,
४. नागरिकताको प्रतिलिपि।

थप जानकारीका लागि : सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा, भ.न.पा. : ०१-५९२८४४३

# “सम्पदाको मौलिकता जोगाउनु भावी पुस्ताका लागि इतिहास र पहिचान सुरक्षित गर्नु हो”



भक्तपुर, २४ असोज। भक्तपुर दरबार क्षेत्रमा नेपाली वास्तुविद् समाजको ३६ औँ वार्षिक महोत्सवको अवसरमा सार्वजनिक वास्तुकला प्रदर्शनी कार्यक्रम सम्पन्न भयो। प्रदर्शनीमा नेपालका मौलिक वास्तुकला, ऐतिहासिक सम्पदा, परम्परागत बस्ती, विभिन्न जातजातिको पहिचान झल्काउने भौतिक संरचना तथा स्थान विशेषको महत्त्व बोकेका विभिन्न भवन र संरचनासम्बन्धी सामग्री प्रस्तुत गरिएको थियो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रदर्शनीको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दै विश्व सम्पदा सूचिमा सूचीकृत सहर भक्तपुरमा यस्तो प्रदर्शनी आयोजना हुनु आफैँमा महत्त्वपूर्ण पक्ष भएको बताउनुभयो। उहाँले भक्तपुर आफैँमा इतिहास र संस्कृतिको जीवन्त पहिचान बोकेको सहर भएको उल्लेख गर्दै यहाँका ऐतिहासिक सम्पदाको संरक्षणमा नगरपालिकाले विशेष जोड दिँदै आएको बताउनुभयो।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले ख्वप इन्जिनियरिङ कलेजमा वास्तुकला (आर्किटेक्चर) विषयको अध्ययन-अध्यापनको व्यवस्था गरी नयाँ पुस्तालाई मौलिक वास्तुकला र सम्पदा संरक्षणसम्बन्धी ज्ञान प्रदान गर्दै आएको बताउनुभयो। उहाँले २०७२ सालको भूकम्पले भक्तपुरका धेरै ऐतिहासिक सम्पदामा क्षति पुऱ्याएको स्मरण गर्दै नगरपालिकाले स्थानीय जनतासँग हातेमालो गरी क्षतिग्रस्त सम्पदाहरूको मौलिक स्वरूप कायम राख्दै पुनर्निर्माण गरेको जानकारी दिनुभयो। नगरपालिकाले हालसम्म १८५ वटा सम्पदाको पुनर्निर्माण गरेको उल्लेख गर्दै उहाँले सम्पदाको मौलिकता जोगाउनु भावी पुस्ताका लागि इतिहास र पहिचान सुरक्षित गर्नु पनि रहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले वास्तुकलाको विषय देशको इतिहास, संस्कृति र पहिचानसँग प्रत्यक्ष रूपमा जोडिएको बताउनुभयो। उहाँले कलेज तथा विश्वविद्यालयमा सम्पदा र वास्तुकलासम्बन्धी विषयको अध्ययन-अध्यापनको व्यवस्था हुनुले सम्पदा संरक्षणप्रति जनचेतना अभिवृद्धि गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको उल्लेख गर्नुभयो। आधुनिक र परम्परागत वास्तुकलाबिचको सम्बन्धबारे अध्ययन तथा अनुसन्धानले नेपाली सम्पदाको विशेषता र महत्त्व उजागर गर्न सहयोग पुग्ने उहाँको भनाइ थियो। उहाँले भक्तपुर नगरपालिकाले ऐतिहासिक सम्पदाको संरक्षण, संवर्द्धन तथा पुनर्निर्माणको क्षेत्रमा गर्दै आएको कार्यबारे चर्चा गर्नुभयो।

नेपाली वास्तुविद् समाजका अध्यक्ष ईश्वरलाल जोशीले प्रदर्शनीको उद्देश्य, महत्त्व तथा वार्षिक महोत्सवका अवसरमा आयोजना गरिएका कार्यक्रमबारे जानकारी दिनुभयो। कार्यक्रममा भवन विभागका एकराज अधिकारी तथा सीएनईटीका अध्यक्ष कृष्णसिंह बस्नेतले पनि वास्तुकला र सम्पदा संरक्षणका विषयमा आ-आफ्ना धारणा राख्नुभएको थियो।

बाँकी पृष्ठ ८ मा

## देशको अवस्थाबारे उब्जिएको प्रश्न

● रास्वपा सरकारले घटस्थापनादेखि फूलपातीसम्म काठमाडौँ उपत्यकाका ६ स्थानमा अहिले भएका ५८ ओटा खाना पकाउने ग्यास उद्योगका सिलिन्डर बिहान ९:३० बजेदेखि बेलुका ४ बजेसम्म चाडपर्वमा सहजताका लागि साटेर किन्न पाउने बन्दोबस्त गरेको सार्वजनिक भयो। यति धेरै जनसङ्ख्या भएको उपत्यकामा ६ ठाउँबाट सिलिन्डर साट्न पाइने कति उपयुक्त होला ? जनताका सेवा गर्ने सरकारले के सात दिन सिलिन्डर साट्न पाउने र त्यसपछि नपाउने बन्दोबस्त गर्न मिल्छ ?

बाँकी पृष्ठ ८ मा

## व्यङ्ग्यचित्र कुनो



# सहकारीको लगानी उत्पादनमूलक तथा सदस्यहरूको व्यवसाय लक्षित हुनुपर्नेमा जोड



भक्तपुर, २४ असोज । कमलविनायक बचत तथा ऋण सहकारी संस्था लि.को १९ औं साधारणसभा सहकारीको प्राङ्गण नगाँचामा शनिबार सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि एवं भक्तपुर नगरपालिका वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद हयौमिखाले सहकारी संस्था सदस्यहरूलाई गाह्रो साह्रो पर्दा भारी बिसाउने चौतारीको रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले सहकारी संस्थाले आफ्नो लगानी उत्पादनमूलक तथा सदस्यहरूको व्यवसाय लक्षित हुनुपर्नेमा जोड दिनुभयो ।

गलत मनसाय भएका सहकारी ठगहरूका कारण सहकारी सञ्चालनमा झन्झन् जटिलता बढ्दै गएको चर्चा गर्दै उहाँले सदस्यहरूको व्यवसायलाई प्राथमिकता राखी सहकारी कार्य गरेमा स्वदेशमा रोजगारीका अवसर सृजना हुने बताउनुभयो ।

उहाँले सीपयुक्त जनशक्ति तयार भएमा देश विकासको दिशातर्फ अघि बढ्ने बताउनुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संस्थाका प्रतिनिधि राजकुमार लघुले सदस्यहरूले समयमै ऋण तिर्ने परिपाटी हरेक ऋणीहरूले गरेमा कसैलाई दुःख नहुने र सहज परिस्थिति सृजना हुने बताउनुभयो ।

संस्थाका संस्थापक अध्यक्ष तथा सल्लाहकार राजाराम तजलेले सञ्चालक समितिका सदस्यहरूलाई धन्यवाद दिँदै अझ व्यवस्थित रूपमा अघि बढाउन शुभकामना दिनुभयो ।

सहकारी संस्थाका सचिव लक्ष्मीप्रसाद चवालले प्रगति प्रतिवेदनसँगै ३.१६ प्रतिशत लाभांश दिने प्रस्ताव, कोषाध्यक्ष रमेश माकजु र लेखा सुपरीवेक्षण समितिका संयोजक पुण्यराम माकको प्रतिवेदन सर्वसम्मतले पास गरेको थियो ।

संस्थाका अध्यक्ष सुनिल मगजुको सभापतित्वमा भएको सो कार्यक्रममा संस्थाका सल्लाहकार कृष्णप्रसाद लाखाले पनि बोल्नुभएको थियो ।

# नवज्योति साकोसको २२ औं वार्षिक साधारणसभा



भक्तपुर, २४ असोज । सूर्यविनायक नगरपालिका वडा नं. ७ गुण्डुस्थित नवज्योति बचत तथा ऋण सहकारी संस्था लि. को २२ औं वार्षिक साधारणसभाको उद्घाटन संस्थाका ज्येष्ठ सदस्य पदमबहादुर माकजुले गर्नुभएको थियो । उक्त सभा संस्थाका अध्यक्ष काजीबहादुर पञ्चको सभापतित्वमा भएको थियो ।

कार्यक्रममा सहकारी सदस्य शिक्षा एवं प्रशिक्षक भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि. का सचिव कान्छाभक्त घजुले सहजता दिने उद्देश्यले स्थापित राष्ट्रिय सहकारी नियमन प्राधिकरणले एकपछि अर्को निर्देशन र मापदण्ड जारी गरी सहकारीलाई निमिट्यान्न पार्न खोजिएकोमा आपत्ति जनाउनुभयो । सहकारी चलाउन शैक्षिक योग्यताभन्दा पनि सहकारीसम्बन्धी ज्ञान भएको सञ्चालक तथा विज्ञको आवश्यकता भएको बताउँदै उहाँले ऋण सुरक्षणलगायतको शुल्क लिन नपाउने, सञ्चालकले धितोमा ऋण लिन नपाउनेजस्ता प्रावधानले ब्याज बढाउने र सहकारीप्रतिको विश्वास गिराई सहकारी अभियानलाई असफल पार्न खोजिएको बताउनुभयो ।

संस्थाका अध्यक्ष काजीबहादुर पञ्चले नियम कानुनभन्दा बाहिर कोही पनि रहन नसकिने भएकोले सहकारीसम्बन्धी नियम कानुन पालना गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । ऋणको नीतिअनुसार साँवा र ब्याज नबुझाउने ऋणीहरूको धितो सहकारीले लिलाम गर्नबाट जोगिन ऋणीहरू सचेत हुनुपर्छ भन्नुभयो ।

संस्थाका उपाध्यक्ष लक्ष्मीप्रसाद कोजु, सचिव शिवबहादुर खुलिमुली, कोषाध्यक्ष सूर्यबहादुर माकजु र लेखा सुपरिवेक्षण समितिका संयोजक दुर्गानाथ न्हेम्हाफुकीले आ-आफ्नो प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

उक्त सभाले ९ करोड ९३ लाखको बजेट पारित गर्दै शिवबहादुर खुलिमुलीको अध्यक्षतामा नौ सदस्यीय सञ्चालक समिति र न्हुच्छेभक्त पञ्चको संयोजकत्वमा लेखा सुपरिवेक्षण समिति सर्वसम्मतिले निर्वाचित गरेको थियो ।

# डाटा सेन्टरको स्थापना र वातावरणमा यसको असरबारे बहस हुनुपर्छ

भक्तपुर, २४ असोज । नेपालमा डाटा सेन्टर स्थापनाको चर्चा चलिरहेका बेला यससँग सम्बन्धित अवसर र चुनौतीका विविध पक्षबारे जानकारीमूलक अभिमुखीकरण कार्यक्रम शिक्षकहरूबिच सम्पन्न भएको छ ।

अभिमुखीकरण तथा छलफल कार्यक्रममा स्रोतव्यक्तिका रूपमा ख्वप ई. कलेजका सहायक प्राचार्य एवं भूगर्भविद् डा. सुवेगमान बिजुक्छेंले प्रस्तुति दिनुभएको थियो ।

उहाँले पश्चिमा औद्योगिक देशहरूले वातावरण प्रदूषणका स्रोत बनेका उद्योगहरूलाई जसरी तेस्रो विश्वका मुलुकहरूमा स्थानान्तरण गर्दै आएका थिए त्यसरी नै अहिले कालो धुवाँको मुस्लो निष्कासन नगर्ने तर पानी र बिजुलीको अत्यधिक खपत गर्ने तथा वातावरणको तापक्रम बढाउने डाटा सेन्टरहरू विश्वभरिका गरिब र विकासोन्मुख देशहरूमा स्थानान्तरण गर्ने





प्रवृत्ति बढिरहेको चर्चा गर्नुभयो ।

स्रोतव्यक्ति बिजुक्छेंले डाटा सेन्टरहरूले खपत गर्ने कुल बिजुलीको हिसाब हेर्दा अमेरिकी कम्पनीहरूले करिब ४५ प्रतिशत, चीनले २५ प्रतिशत, युरोपले १५ प्रतिशत र बाँकी अन्य देशहरूले खपत गर्ने बताउनुभयो । ती सेन्टरलाई चिस्याउन पानीको खपत अझ बढी हुने र त्यसको प्रत्यक्ष असर स्थानीय समुदायमा पर्ने भएकोले यस विषयमा बहस हुनु आवश्यक रहेको उहाँको भनाइ थियो ।

जेन्युइन स्कुलमा शिक्षकहरूको क्षमता अभिवृद्धि एकाइको आयोजनामा भएको कार्यक्रममा दोस्रो सत्रमा डिजिटल युगमा मोबाइलको बढ्दो लतले पुस्तक अध्ययन र पठन संस्कृतिमा नकारात्मक असर पारेको विषयमा चर्चा गरिएको थियो ।

पठन संस्कृति प्रवर्द्धनका अभियन्ता सुदेश डोटेलले यस विषयमा विद्यालय, अभिभावक तथा अन्य सरोकारवालाले गम्भीरतापूर्वक मनन गर्नुपर्ने बताउनुभयो ।

पुस्तक पठन संस्कृतिको प्रवर्द्धनका लागि घरमा अभिभावक र विद्यालयमा शिक्षकहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण हुने उहाँले उल्लेख गर्नुभयो ।

विभिन्न विद्यालय तथा अभिभावकसँग गरिएका अन्तरक्रिया, अनुभव र घटनाका अध्ययन (केस स्टडी) लाई अभियन्ता डोटेलले रोचक ढङ्गले प्रस्तुत गर्नुभएको थियो ।

विद्यालयमा त्रैमासिक रूपमा शिक्षक तथा विद्यार्थीहरूले नयाँ पुस्तक र विविध विषयवस्तुबारे छलफल गर्ने परम्परा विगत केही वर्षदेखि चल्दै आएको क्षमता अभिवृद्धि एकाइका संयोजक तथा विद्यालयका पूर्वप्रधानाध्यापक योगेन्द्रमान बिजुक्छेंले बताउनुभयो ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक राजन धौभडेलले स्वागत गर्नुभएको थियो ।

# नेपाल भलिबल सङ्घको स्वर्ण जयन्ती कार्यक्रम सम्पन्न



भक्तपुर, २४ असोज । नेपाल भलिबल सङ्घको स्थापनाको ५० वर्षको उपलक्ष्यमा सङ्घको स्वर्ण जयन्ती कार्यक्रम भक्तपुर दरबार स्क्वायरमा सम्पन्न भयो । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले उक्त कार्यक्रमको उद्घाटन गर्नुभएको थियो । कार्यक्रमको उहाँले भलिबल खेलको निरन्तर प्रगति र सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले भलिबल खेलको लोकप्रियता दिनप्रतिदिन बढ्दै गएको बताउँदै भक्तपुर नगरपालिकाले पनि सीमित स्रोतसाधन र विभिन्न समस्याका बाबजुद भलिबल खेलको विकासका लागि काम गर्दै आएको उल्लेख गर्नुभयो ।

नगरपालिकाले नियमित रूपमा भलिबल प्रशिक्षण सञ्चालन गर्नुका साथै विद्यालयहरूमा प्रशिक्षकको व्यवस्था गरी विद्यार्थीहरूलाई खेलकुद प्रशिक्षण गर्दै आएको उहाँले बताउनुभयो ।

खेलकुद पूर्वाधार निर्माण र विकासमा नगरपालिकाले जोड दिँदै आएको उहाँको भनाइ थियो ।

नगर प्रमुख प्रजापतिले सहिद स्मृति खेलमैदानलाई प्राविधिक कारणले अपेक्षित रूपमा स्तरोन्नति गर्न नसकिएको उल्लेख गर्दै खेलकुदको विकासका लागि उपयुक्त पूर्वाधार आवश्यक रहेको बताउनुभयो । विश्व सम्पदा सूचीमा सूचिकृत ऐतिहासिक भक्तपुर दरबार स्क्वायरमा नेपाल भलिबल सङ्घको स्वर्ण जयन्ती कार्यक्रम आयोजना गर्न पाउनु गौरवको विषय भएको उहाँले बताउनुभयो ।

कार्यक्रममा नेदरल्यान्ड्स भलिबल महासङ्घका प्रतिनिधि पिटर स्प्रिङजरले यस्तो गौरवपूर्ण समारोहमा सहभागी हुन आमन्त्रण गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो । खेलकुदप्रतिको लगाव जीवनशैलीसँग जोडिएको उल्लेख गर्दै उहाँले युवा पुस्ताको भविष्य निर्माणमा खेलकुदले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । नेपाल र नेदरल्यान्ड्सबिचको मित्रता लामो समयदेखि कायम रहेको उल्लेख गर्दै आगामी दिनमा पनि आपसी सम्बन्ध र सहकार्य निरन्तर अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल भलिबल सङ्घका अध्यक्ष जितेन्द्रबहादुर चन्दले सङ्घको स्थापनाको ५० औं वर्षिकोत्सव भक्तपुर दरबार स्क्वायरमा आयोजना गर्न पाउँदा खुसी व्यक्त गर्नुभयो ।

उहाँले कार्यक्रम सभ्य र भव्य रूपमा सम्पन्न गर्न सहयोग गर्ने सबैप्रति धन्यवाद ज्ञापन गर्नुभयो । सङ्घको ५० वर्षको यात्रा नेपाली भलिबल खेलको विकासका लागि महत्त्वपूर्ण उपलब्धि भएको उल्लेख गर्दै उहाँले सङ्घको स्थापना, उद्देश्य र पृष्ठभूमिबारे प्रकाश पार्नुभयो ।

कार्यक्रममा अतिथि प्रजापतिले नेपाल भलिबल सङ्घका उपाध्यक्ष गौतमप्रसाद लासिवालाई भलिबल हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा विद्यार्थीहरूले विभिन्न सांस्कृतिक नृत्य प्रस्तुत गरी कार्यक्रमलाई थप आकर्षक बनाएका थिए ।

# संस्कृति संरक्षण गर्न सामाजिक कार्य गर्ने भावनाको विकास गर्नुपर्ने

भक्तपुर, २४ असोज । चण्डेश्वरी धिमे पुचःको आयोजनामा विजया दशमी २०८३ को पावन अवसरमा शुभकामना आदान प्रदान तथा चियापान कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् भनपा ५ का वडा अध्यक्ष योगेन्द्रमान बिजुक्छेंले भक्तपुर नगर कलाकारै कलाकार र सम्पदा नै सम्पदा भएको नगर हो भन्नुभयो । उहाँले आजको युवा पुस्ता आफ्नो सीप बढाउन बाजागाजा तथा सांस्कृतिक क्षेत्रमा उत्साहित हुनुको साथै शिक्षालाई पनि ध्यान दिनुपर्ने बताउनुभयो ।

उहाँले संस्कृति संरक्षण गर्न सामाजिक कार्य गर्ने भावनाको विकास गर्नुपर्ने विचार व्यक्त गर्दै अहिले युवा-विद्यार्थीहरू सामाजिक सञ्जालले गर्दा बिग्रेकोमा चिन्ता व्यक्त गर्नुभयो ।

ने.म.कि.पा. भक्तपुर नगर समितिका सदस्य एवम् पुचः का सल्लाहकार नारायणप्रसाद त्वानाबासुले अहिलेको समयमा विद्यालय जाने उमेरका बालबालिकाहरू मोबाइलमा नै झुण्डिएर बस्ने गरेको हुँदा सचेतनामूलक तथा रचनात्मक सांस्कृतिक गतिविधि गरी सचेत गराउनुपर्ने बताउनुभयो । चाडपर्वको समयमा भोजभतेरमा मात्र व्यस्त नभई सामाजिक क्रियाकलापलगायत नयाँ नयाँ किताब, साहित्य आदि अध्ययन गर्नुपर्ने कुरामा जोड दिनुभयो । आफूसँग भएको सीप र कला नयाँ पुस्तालाई हस्तान्तरण गरे कहिल्यै लोप नहुने कुरा पनि उहाँले बताउनुभयो ।

अतिथि विक्रम दुकुछुले अहिलेको दसैंको चाडपर्व नजिक आउँदा पनि बजारमा दैनिक उपभोग्य ग्यासको अभाव भएको बताउनुभयो ।

धिमे पुचः का अध्यक्ष राजाराम त्वानाबासुको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेमकिपा, भनपा ५ चासुखेल समितिका अध्यक्ष सम्झना लाखे, पुचःका सचिव लक्ष्मीनारायण त्वानाबासुले पनि शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

# इन्टरनेटको शुल्क बढी लिए कारबाही हुने

काठमाडौँ, २४ असोज । नेपाल दूरसञ्चार प्राधिकरणले इन्टरनेट सेवाको शुल्क वृद्धि नभएको स्पष्ट पार्दै स्वीकृत दरभन्दा बढी शुल्क लिने तथा उपभोक्तालाई मर्कापर्ने गरी अनधिकृत रूपमा सेवा सञ्चालन गर्ने प्रदायकमाथि कारबाही गर्ने चेतावनी दिएको छ ।

इन्टरनेट सेवाको शुल्क बढेको भन्दै विभिन्न सञ्चारमाध्यममा प्रकाशित समाचारप्रति ध्यानाकर्षण भएको जनाउँदै उहाँले प्राधिकरणले हालै इन्टरनेट तथा इमेल सेवा प्रदायकबाट शुल्क वृद्धि गर्ने कुनै प्रस्ताव प्राप्त नभएको र आफूले पनि शुल्क बढाउन स्वीकृति नदिएको स्पष्ट पार्नुभयो ।

प्राधिकरणले दूरसञ्चार सेवा प्रदायकले सेवा उपलब्ध गराएबापत लिने शुल्क उचित र मनासिब हुनुपर्ने उल्लेख गरेको छ । प्राधिकरणले तोकेको निर्देशिकाबमोजिम शुल्क निर्धारण गरी लागू हुने मिति उल्लेख गरेर कम्तीमा तीन महिनाअघि स्वीकृतिका लागि पेस गर्नुपर्ने प्रावधान स्मरण गराएको छ ।

प्राधिकरणबाट स्वीकृत शुल्क दर सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्ने, स्वीकृत दरभन्दा बढी शुल्क लिन, पूर्वस्वीकृतिबिना शुल्क वृद्धि गर्न तथा उपभोक्तालाई मर्का पर्ने गरी अनधिकृत रूपमा सेवा सञ्चालन गर्न नपाइने वैधानिक व्यवस्थाबारे सचेत गराउँदै प्राधिकरणले नियमविपरीत गतिविधि गरेमा दूरसञ्चार ऐन तथा नियमावलीबमोजिम सेवा प्रदायकमाथि कारबाही गरिने चेतावनी दिएको छ ।

# देउजागाउँ आधारभूत विद्यालयमा छात्रवृत्ति तथा पुरस्कार वितरण




भक्तपुर, २४ असोज । देउजागाउँ आधारभूत विद्यालयको २३ औँ अभिभावक दिवस छात्रवृत्ति तथा पुरस्कार वितरण कार्यक्रम शनिबार एक समारोहबिच सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् संविधानसभा सदस्य अनुराधा थापामगरले शब्दमा होइन व्यवहारमा देशलाई नयाँ बनाउने हो भने सम्पूर्ण शिक्षा निःशुल्क, स्वास्थ्य उपचार निःशुल्क र आत्मनिर्भर अर्थतन्त्रको विकासको लागि उद्योग तथा कृषि क्षेत्रको विकासलाई प्राथमिकतामा राख्न अनिवार्य छ भन्नुभयो ।

सहरिया कामकाजी महिलाका लागि महिनावारी बिदा दिनुभन्दा पनि छाउगोठमा बस्न बाध्य महिलाहरूको समस्या समाधानमा सरकारले ध्यान दिनु आवश्यक भएको उहाँले बताउनुभयो ।

अतिथि थापामगरले चाडपर्व नजिकिँदै गर्दा सरकारले महँगी नियन्त्रण गरेर जनतालाई राहत दिनुको साटो उल्टै देशलाई विदेशी ऋण बोकाएर टाट पल्टाउने गतिविधिमा केन्द्रित भइरहनु चिन्ताको विषय हो भन्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सूर्यभक्त त्वातीको सभापतित्वमा भएको कार्यक्रममा सूर्यविनायक नगरपालिका वडा न. १० का वडाध्यक्ष शिवराम राउत, नेपाल क्रान्तिकारी शिक्षक सङ्घका सुरेश बखुन्छें, प्रअ राजकुमार श्रेष्ठ, शिक्षक निर्मल माक, विद्यार्थीद्वय बालिका विक र जेनिशा राइले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि अनुराधा थापामगरले कक्षागतरूपमा प्रथम, द्वितीय र तृतीय हुनेहरूलाई पुरस्कार तथा छात्रवृत्ति प्रदान गर्नुभयो ।

कार्यक्रममा भद्रकाली दाफा भजन समितिले बाँसुरी बाजा र विद्यार्थीहरूले विविध सांस्कृतिक प्रस्तुति प्रदर्शन गरेका थिए ।

# उदय साकोसको ३० औँ साधारणसभा तथा आठौँ अधिवेशन सम्पन्न




भक्तपुर, २४ असोज । उदय बचत तथा ऋण सहकारी संस्था लि.को ३० औँ वार्षिक साधारणसभा तथा आठौँ अधिवेशन शनिबार सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष तथा सभापति रामकृष्ण प्रजापतिले संस्थाकै बाँसुरी, ढोलक तथा मादल बाजा प्रशिक्षार्थीहरूको सुमधुर धुनसहित पानसमा दीप प्रज्ज्वलन गरी कार्यक्रमको उद्घाटन गर्नुभएको थियो ।

संस्थाका अध्यक्ष प्रजापतिले देशको वित्तीय सङ्कटको अवस्थामा सदस्यहरूको बचत सङ्कलनलाई सुरक्षित राखी पारदर्शिता, जोखिम व्यवस्थापन सहित उत्पादनशील क्षेत्रमा लगानी गरी सदस्यहरूको वित्तीय क्षमता विकासका लागि गुणस्तरीय सेवासँगै आर्थिक सामाजिक तथा सांस्कृतिक विकासमा जोड दिनुपर्ने बताउनुभयो ।

संस्थाका उपाध्यक्ष न्हुछेबहादुर प्रजापतिले समुदायमा आधारित सहकारी आन्दोलनमा ससाना बचत रकमलाई ब्याजको लोभ देखाएर सर्वसाधारण जनताको पैसा ठगी गर्नेहरूको कारण नयाँ आएको सहकारी ऐन कानुनबाट समुदायमा आधारित सहकारी नियमित सञ्चालनमा अप्ठ्यारो भइरहेको विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा संस्थाका सचिव दिलप्रसाद प्रजापतिले संस्थाको आ.व. २०८२/०८३ मा सञ्चालन भएका विविध गतिविधिसहितको प्रगति प्रतिवेदन तथा आगामी वर्षको भावी कार्यक्रम तथा प्रस्ताव प्रस्तुत गर्नुभयो ।

कोषाध्यक्ष शिवराम बोहजुले २०८२/०८३ को आर्थिक प्रतिवेदनमा सहकारी ऐन नियम मापदण्डअनुसार सदस्यहरूको शेयरमा १५ प्रतिशत लाभांश वितरण गरी ६ करोड २७ लाख १९ हजार चार सय छ्यानब्बे जगेडा कोष, ५१ करोड ५४ लाख ३४ हजार तीन सय दस रूपैयाँ सम्पत्ति तथा दायित्व सार्वजनिक गर्दै आ.व. २०८३/०८४ को अनुमानित बजेट प्रस्तुत गर्दै गर्नुभयो ।

लेखा सुपरीवेक्षण समितिका संयोजक विष्णुप्रसाद प्रजापतिले २०८२/०८३ को प्रतिवेदन तथा समितिको तर्फबाट सुझाव प्रस्तुत गर्नुभयो ।

बागमती प्रदेश बचत तथा ऋण सहकारी सङ्घका सञ्चालक सदस्य कृष्णगोविन्द लाखाजुले हालको सहकारी ऐनकानुनबाट ऋणीले समयमै ब्याज नतिर्दा हुने जोखिमलाई शङ्कास्पद ऋण कोषमा सदस्यलाई दिनुपर्ने नाफाको रकम राख्नुपर्ने नयाँ व्यवस्थाले समुदायमा आधारित संस्थाको दिगोपनमा समस्या आउने बताउँदै सहकारीले मात्रै सदस्यलाई बचत तथा ऋणमा सदस्यले ब्याजसँगै संरक्षित पुँजी कोष फिर्ता पाउने व्यवस्था रहेको जानकारी दिनुभयो ।

उहाँले बहुउद्देश्यीय भनी गलत उद्देश्यले खोलिएको सहकारी समेत ऋण र बचतमा सीमित हुँदा समुदायमा आधारित सहकारी सञ्चालनमा समस्या आएको बताउनुभयो ।

सञ्चालक सदस्यद्वय दयालक्ष्मी प्रजापति र कृष्णराम प्रजापति तथा दिनेश कुसीले पनि बोल्नुभयो ।

संस्थाका अध्यक्ष रामकृष्ण प्रजापतिले ७५ वर्ष उमेर र सोभन्दा माथिका ४९ जना ज्येष्ठ सदस्यलाई दोसल्लाले सम्मानसहित पौष्टिक आहार वितरण गर्नुभएको थियो ।

आव २०८२/८३ मा मासिक साँवा र ब्याज नियमितरूपमा तिरेका ८ जनालाई असल ऋणी सम्मान पदक प्रदान गरिएको थियो ।

२०८२ को एसईई परीक्षा उत्तीर्ण २९ जना तथा +२ उत्तीर्ण २९ जना सदस्य परिवारका विद्यार्थीलाई उदय पदक तथा प्रमाणपत्र वितरण गरिएको थियो ।

सोही कार्यक्रममा पाँचमहिने बाँसुरी, मादल तथा ढोलकका प्रशिक्षकलाई नगद र प्रमाणपत्र तथा प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

सल्लाहकार समितिका संयोजक रामेश्वर प्रजापति तथा निलनारायण कोजुले संस्थामा १३ वर्ष अनवरत सेवा गरी व्यवस्थापकीय भूमिका निभाउनुभएका पुण्यराम गोसाईलाई सम्मान गरिएको छ ।

छैटौँ अधिवेशनबाट अध्यक्ष न्हुछेबहादुर प्रजापति, उपाध्यक्ष पुण्यराम गोसाई, सचिवमा दिनेश कुसी, कोषाध्यक्षमा सोहन रञ्जित, सदस्यहरूमा बाबुकाजी प्रजापति, सत्यराम कासिछ्वा, नारायण कृष्ण प्रजापति, दयालक्ष्मी प्रजापति, सुलोचना निर्विरोध निर्वाचित हुनुभयो ।

लेखा सुपरिवेक्षण समितिमा संयोजक विष्णुप्रसाद प्रजापति, सदस्यमा किशोर जुगिजु श्रेष्ठ र सीतालक्ष्मी प्रजापति निर्विरोध निर्वाचित हुनुभयो ।

सल्लाहकार समितिमा संयोजक नीलनारायण कोजु, सदस्य रामकृष्ण प्रजापति तथा शिवराम बोहजु निर्वाचित हुनुभयो ।

# चाँगुनारायणमा किसान सङ्घ र महिला सङ्घबाट चियापान तथा शुभकामना कार्यक्रम

भक्तपुर, २४ असोज । नेपाल क्रान्तिकारी किसान सङ्घ चाँगुनारायण नगर समितिको आयोजनामा विजया दशमीको अवसरमा नगरस्तरीय किसान कार्यकर्ताहरूको चियापान तथा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।

उक्त चियापान कार्यक्रममा नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्लाका उपाध्यक्ष एवम् चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजुले सरकारले देश र जनताको हितमा विकास नगरी जनताको टाउकोमा ऋणको भारी बोकाउने काम गरेको आरोप लगाउँदै एमाले, काङ्ग्रेस, माओवादी पार्टीका जनप्रतिनिधिहरू भएको स्थानीय तहका नगरपालिकाले कलेज, अस्पताल खोलेर सेवा नगरेको बताउनुभयो ।

पुँजीवादी सरकारमा गएर जनताको हित गर्न नसकेको उल्लेख गर्दै उहाँले शोषित पीडित जनता एकजुट भई समाजवाद स्थापना गर्न नेमकिपाले जोड दिँदै आएको बताउनुभयो ।

कार्यक्रममा गणेशराम सुवालले किसानहरूको सङ्घर्षबाट मोहियानी हक जोगाउन सफल भएको हो भन्नुभयो । उहाँले 'जुन जोगी आए पनि कानै चिरेका' भनेझैँ एमाले, काङ्ग्रेस, माओवादी, रास्वपालगायतका पार्टीहरू सरकारमा गएर रासायनिक मल कारखाना खोल्न नसकेको हुँदा ती पार्टीहरूले जनताको हित नगर्ने बताउनुभयो ।

कार्यक्रम आयोजक समितिका अध्यक्ष नारायणभक्त न्हेम्हाफुकीको सभापतित्वमा भएको थियो ।



त्यसैगरी नेपाल क्रान्तिकारी महिला सङ्घ चाँगुनारायण नगर समितिको आयोजनामा विजया दशमी, शुभदीपावली, नेपाल संवत् ११४७ र छठको अवसरमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजुले दसैं र शुभ दीपावलीको अवसरमा गाउँ, टोल तथा बस्ती-बस्तीमा सरसफाइ गर्ने, नयाँ नयाँ किताबहरू पढ्ने र सृजनात्मक गतिविधिमा समाहित भई चाडपर्व मनाउनुपर्ने बताउनुभयो ।

उहाँले आफ्नो आर्थिक अवस्थाअनुसार खर्च गरी चाड मनाउनुपर्ने, अरुको देखासिकी गरी अनावश्यक खर्च गर्न नहुने, मितव्ययिता अपनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले अत्यधिक मदिरापान र जुवातासबाट टाढा रहनुपर्ने र टाढा राख्न आवश्यक रचनात्मक क्रियाकलापहरू गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले विद्यार्थीलाई अनुशासनमा राख्ने, कपाल काट्न लगाउने, विद्यालयको पोशाक लगाउने, कक्षाकोठामा शान्त र अनुशासित रहन र गृहकार्य गर्न प्रेरित गर्ने विषयमा शिक्षकलाई अवरोध गर्न नहुने विषयमा जोड दिनुभयो ।

उहाँले चाँगुनारायण नगरपालिकामा बेथिति, अनियमितता र पक्षपात भएकोबारे चर्चा परिचर्चा हुने भएकोले त्यस विषयमा पनि चाँगुनारायणका जनता सचेत हुन आवश्यक रहेको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी, भक्तपुरका सदस्य एवं बागमती प्रदेश सांसद गीता काफ्लेले महिलाहरू राजनीतिक रूपमा सचेत र सङ्गठित भई देश र जनताको सेवामा समर्पित हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले बागमती प्रदेशको संसद्मा प्रमुख प्रतिपक्षको भूमिकामा रही देश र जनताको हितमा आवाज राख्दै आएको जानकारी दिनुभयो ।

नेक्रा महिला सङ्घ, चाँगुनारायण नगर समितिका अध्यक्ष सानु लागेको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा चाँगुनारायण नगर कार्यपालिकाका सदस्य कमला भारती र कविता श्रेष्ठले पनि शुभकामना मन्तव्य प्रकट गर्नुभयो ।

# जनसत्कार उपभोक्ता साकोसको १६ औँ वार्षिक साधारणसभा

भक्तपुर, २४ असोज । जनसत्कार उपभोक्ता साकोस भुलांचाको १६ औँ वार्षिक साधारणसभा भक्तपुर पार्टी भेन्यु गपलीमा शनिबार सम्पन्न भयो ।

उक्त साकोसका अध्यक्ष विमल प्रजापतिले उद्घाटन गर्नुभएको उक्त सभामा साकोस सञ्चालक समितिका सचिव शिवराम तुईतुईले समितिको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

देशको अर्थतन्त्र नै मन्दीमा गइरहेको वर्तमान अवस्थामा त्यसको असर जनसत्कार साकोसमा पनि परेको उल्लेख गर्दै सचिव तुईतुईले बचतमा गिरावट आएको र तरलता जसोतसो धान्दै आएको बताउनुभयो ।

वर्षभरमा सञ्चालक समितिको बैठक २४ पटक बसेको जानकारी दिँदै उहाँले साकोसमा अधिकतम मितव्ययिता अपनाएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "मितव्ययिताको निम्ति यस वर्ष साकोसको प्रतिवेदन पुस्तिकाको रूपमा नछापी क्यूआर कोडमा हामीले राखेका छौँ, कसैलाई प्रतिवेदन विस्तृत रूपमा पढ्नुछ भने क्यूआर गर्न सक्नुहुन्छ, ठाउँ ठाउँमा क्यूआर कोड राखिदिएका छौँ ।"

सभामा आर्थिक प्रतिवेदन कोषाध्यक्ष प्रकाश खाइजुले साकोसबाट ऋण प्रवाह कमै मात्र भएको उल्लेख गर्दै संस्थामा ५२६ जना सदस्य भएको र १० प्रतिशत लाभांस वितरण गरेको जानकारी दिनुभयो ।

उहाँले असल ऋणी, असल बचतकर्ता र असल बाल बचतकर्तालाई सम्मान गर्ने जानकारी दिँदै ती असल सदस्यहरूको नाम घोषणा गर्नुभयो ।

सभामा लेखा सुपरीवेक्षण प्रतिवेदन श्यामकृष्ण दुमरूले प्रस्तुत गर्नुभएको थियो भने सदस्यहरूमध्ये तीजना ज्येष्ठ सदस्यलाई दोसल्ला र कोसेलीका साथ सम्मान गरिएको थियो ।

सभामा साकोसका उपाध्यक्ष विक्रम प्रजापतिले स्वागत गर्नुभएको उक्त सभामा असल सदस्यहरूलाई पनि सम्मान गरिएको थियो ।

।सम्पादकीय।

# सरकारको नेतृत्व फेर्नु नै समाज परिवर्तन होइन

हरेक सरकारले देश र जनताको सेवा गर्ने वाचा गर्छ । तर, त्यो वाचा पूरा गर्दैन; पूरा गर्न लाग्दैन । हो, सरकारको मुख्य काम देशको विकास गर्नु हो, जनताको सेवा गर्नु हो । देश र जनताको सेवा गर्न नै राजनीति गर्ने हो । काम–मामको बन्दोबस्त नै जनताको सेवा हो । योग्यताअनुसार काम र कामअनुसारको ज्याला दिनु पनि जनताको सेवा हो । गरिब वर्गको जीवन सुनिश्चित गर्नु जनताको सेवा हो । त्यो सेवा जनताको छाना, दाना र नानासित सम्बन्धित हुन्छ । जनताको सरकारले यस्तै सेवा गर्छ । यस्तै सेवा गर्नुपर्छ । सेवा कुनै सरकारी नेताको बोलीमा होइन; कुनै दलको घोषणापत्रमा होइन; व्यवहारमा सिद्ध हुनुपर्छ । अनि मात्र राज्यको दायित्व पूरा हुन्छ ।

देशका कुनै पनि नागरिक भोक, रोग र शोकले मर्न नपरोस्; गरिबीको कारण छटपटिएर मर्न नपरोस् । बेरोजगारी भएर मागी मागी जीवन बिताउन नपरोस् । हरेकले श्रमको उचित मूल्य पाओस् । सुगम या दुर्गम जुनसुकै क्षेत्रका नागरिकले सम्मानपूर्वक जीवन यापन गर्नुपर्ने व्यवस्था सरकारले मिलाउनुपर्छ । श्रमजीवी जनताले ढुक्कका साथ जीवन बिताउन नपाएसम्म राज्यले सफलता पाएको मानिँदैन । गरिबी कति प्रतिशतले घट्यो, भूमिहीन जनताले आवास र जग्गा पाए कि पाएनन्, बेरोजगारी दर कति घट्यो; विदेश पलायनमा कति सुधार भयो ? यसबारे राज्यले मूल्याङ्कन गरिरहेको छ भने कति प्रतिशत सफल भयो ? यसको समीक्षा गर्नु आवश्यक छ ।

कुनै नागरिकलाई एक दुई महिना काम दिएर उसको जीवन सुनिश्चित हुँदैन । यसले बेरोजगारी र गरिबी हराउँदैन । रोजगार पनि लक्षित समुदायले पाउनुपर्छ । भनिन्छ, भूमिहीन, बेरोजगार र अव्यवस्थित बसोबासको समस्या समाधान गर्न दर्जनौं आयोगहरू गठन गरिएका छन् । ती गठित आयोगहरू कर्मचारी पाल्ने केन्द्र बनाउनु हुँदैन । आयोगले पाएको जिम्मेवारी पूरा गर्नुपर्छ । प्रतिवेदन तयार गर्नु मात्र आयोगको कर्तव्य होइन । बहुमत प्राप्त सरकारले देश र जनताको हितमा धेरै काम गर्न सक्छ; काम गर्ने अधिकार हुन्छ । यसतर्फ सरकारहरूको ध्यान नपुग्दा गरिब जनता कहिल्यै गरिबीको खाडलबाट माथि उठन सकेका छैनन् । गरिब जनताले महँगो जीवन कसरी धान्न सक्छन् ? अत: देशको यो समस्या हल गर्नेतर्फ सरकार लाग्नुपर्छ ।

जहिलेसम्म जनताको हातमा उत्पादनको साधन हुँदैन, खेतीयोग्य जमीन हुँदैन, रोजगारी हुँदैन; आधारभूत आवश्यकता पूरा हुँदैन या जीवनयापन गर्ने सुनिश्चित हुँदैन तबसम्म गरिब जनताको जीवन स्तर माथि उठ्दैन । राज्यका स्रोत साधनमाथिको असमान वितरण र पहुँचले गर्दा देशमा धनी झन् धनी र गरिब झन् गरिब भइरहेको हो । यो समस्या पुँजीपति, सामन्त, जालीफटाहा, प्रतिक्रियावादीहरूको सेवा गर्ने या प्रतिनिधित्व गर्ने दलले समाधान गर्दैन; समाधान गर्न लागिपर्दैन । यसकारण, अझै देशमा दलित, भूमिहीन, सुकुमवासी, कमैया, हरुवाचरुवा, सीमान्तकृत, आदिवासी, मजदुर, मधेसी तथा अन्य विपन्न जनताको समस्या ज्यूँका त्यूँ भइरहेको हो । के यस्ता शोषितपीडित जनताको समस्या पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने वर्तमान सरकारले समाधान गर्ला ? तर, विडम्बना ! सत्तासीन दलका नेता र मन्त्रीहरूलाई गाँस, बास र नानाको होइन सत्ता प्यारो हुन्छ, पद र पैसा प्यारो हुन्छ । दलगत र व्यक्तिगत स्वार्थ पूरा गर्नेतर्फ नै उनीहरूको ध्यान पुगेको हुन्छ । विगतका सरकारहरू यस्तै यस्तै भागबन्डा र गठबन्धनमा भुलेरै भ्यागुतो जति उफ्रे पनि कान्लामुनिको कान्लामा भनेझैं भइरहेको हो ।

राजनीतिक विश्लेषकहरू भन्छन्, सरकारको नेतृत्व फेर्नु नै समाज परिवर्तन होइन; आमूल परिवर्तन त हुँदै होइन । कुनै दलको उद्देश्य पुरानो सरकारलाई फालेर नयाँ सरकार गठन गर्नु मात्र होइन । पुरानो सरकारले नगरेको, गर्न नसकेको काम गर्ने हो । विगतको सरकारले गरेको कमजोरी हटाउने हो । बहुमतको अभिमानी गरेर निरङ्कुशता लाड्ने होइन; तर्साउने होइन । सत्तासीन दलका नेता र मन्त्रीले जनतालाई तर्साएर, धाक धम्की देखाएर हातमा लिने होइन । सरकारले आस्थाको आधारमा जनतालाई विभेद र पक्षपात गर्ने होइन । दलको सरकार परिवर्तन भए पनि उनीहरूको आचरण, व्यवहार फेरिँदैन भने जनताले कुन सरकार असल र कमसल भनेर छुट्याउने ? आफ्नो दलको मात्र स्वार्थ पूरा गर्ने र जनतालाई भोट बैङ्क मात्र बनाउने सरकार र ठूलो दलको कामलाई जनताले कसरी सही मान्ने ?

अत: अहिलेको देशको आवश्यकता र जनताको चाहना आत्मनिर्भर देश बनाउनु हो । स्थानीय स्रोत र साधनको उपयोग गरी नेपालले पनि प्रगति गरेको छ भनी विश्वलाई चिनाउने हो । राज्यले देशका सबै नागरिकलाई उच्च शिक्षा र स्वास्थ्य सेवा नि:शुल्क गर्नुपर्छ । मावि तहसम्म अनिवार्य र नि:शुल्क गर्नुपर्छ । यस्तो कामको बन्दोबस्त भए जनताको ठूलो रकम बचत हुन्छ । बचत भएको रकम जीवनमा जोहो गर्न सहज हुन्छ । सरकारले दिगो जीविकोपार्जन गर्न, समुदायलाई बलियो बनाउन देशका सबै जनतालाई आफ्नै देशको विकासमा आस्था जगाउन या योगदान गराउनेतर्फ सरकारले पाइला चाल्नुपर्छ । यो नै जनताको माग हो ।

# मियो बन्नुपर्नेहरू राजीनामा दिएर भाग्दाको परिणाम

✍ प्रज्ज्वल

विज्ञान र प्रविधिका अनुसार कुनै समस्या चरणबद्ध रूपमा समाधान गर्ने तरिका अल्गोरिदम (Algorithm) हो । साम्राज्यवादी सरकारहरू सामाजिक सञ्जालको अल्गोरिदमलाई कुनै देशमा आफ्ना दलालहरू तयार गर्ने हतियारको रूपमा प्रयोग गर्दै छन् । संरा अमेरिकी सरकारले आफ्नो अनुकूल नबस्ने संसारका कतिपय देशमा सरकार उल्ट्याउन सामाजिक सञ्जालको अल्गोरिदमलाई प्रयोग गऱ्यो ।

बेलायत सन् १९७३ मा युरोपेली सङ्घमा सदस्य बन्यो । यो सङ्घ दोस्रो विश्वयुद्धपछि सन् १९५० मा स्थापना भएको थियो । यो सङ्घले युरोपका देशहरूलाई एक हुन महत्त्वपूर्ण भूमिका खेल्यो । संरा अमेरिकी सरकार कमजोर हुने भएपछि यसले युरोपेली सङ्घलाई विभाजन गराउने गोटी चाल्यो । संरा अमेरिकी सरकारको आर्थिक सहयोगमा बेलायती नागरिक नाइजल फराजले युरोपेली सङ्घमा बेलायत सदस्य बनेयता आर्थिक अवस्था कमजोर भएको र आप्रवासी समस्या बढेको प्रचार गर्नुका साथै आर्थिक सुधारको लागि युरोपेली सङ्घबाट निस्कनुपर्ने (ब्रेक्जिटको) नारा दियो । नाइजलको पक्षमा सामाजिक सञ्जालमा निकै प्रचार भयो । अन्तत: बेलायत युरोपेली सङ्घबाट निस्कियो । परिणाम बेलायतको आर्थिक स्थिति थप कमजोर हुनुका साथै सरकार अस्थिर बन्यो । अन्य युरोपेली देशसँग पनि बेलायतको व्यापारमा कठिनाइ आयो ।

संरा अमेरिकाका खोज पत्रकार किट क्लारेनवर्गले 'दि ग्रेजोन' मा संरा अमेरिकाको करोडौं डलर सहयोगमा रास्वपा सरकारको नेतृत्वमा पुगेको सार्वजनिक गरे । यसमा सामाजिक सञ्जाल फेसबुक, ट्विटर, रेडिट, डिस्कर्डलगायतको भूमिका रहयो । रास्वपाले सूचना प्रविधिमा काम गर्ने हजारौंलाई पैसा दिएर आफ्नो प्रचार गरायो । सामाजिक सञ्जालको अल्गोरिदमले नेपाली प्रयोगकर्तालाई रास्वपाकै मात्र देखाउने (इको च्याम्बर) वातावरण बनायो । टेलिभिजन सञ्चालनमा लागेका रवि लामिछाने र ऱ्यापर पृष्ठभूमिका बालेन साहले 'फेसबुक फर्स्ट' रणनीति अपनाए । 'दि ग्रेजोन' को लेखअनुसार संरा अमेरिकाले 'नीति संवाद' कार्यक्रममार्फत कतिपय युवालाई तालिम दिएर रास्वपाको पक्षमा तयार गऱ्यो ।

बेलायतका फराजले संरा अमेरिकाबाट ५ लाख पाउन्ड सहयोग पाएको र नेपालमा रास्वपामा लागेकाहरूले ३० अर्ब रुपैयाँभन्दा बढी सहयोग पाएको अनुसन्धान प्रतिवेदनमा उल्लेख गरेको सार्वजनिक भयो ।

संरा अमेरिकी सरकारले नेकाका गगन थापालगायतलाई संसद्मा एमसीसी सम्झौताको खुलेर समर्थन गर्न प्रायोजन गरेको उतिबेलै सार्वजनिक भएको थियो । ट्रम्पको दोस्रो कार्यकालको सुरुमै सरकारको दक्षता विभागमा इलन मस्कलाई प्रमुखको रूपमा नियुक्ति गरियो । लगत्तै तत्कालीन प्रधानमन्त्री ओलीले मस्कलाई बधाई दिए । संरा अमेरिकी सरकारका विदेशमन्त्री मार्को रुबियोसँग रास्वपा सभापति रबिले फोनवार्ता गरेको सिलसिला पनि प्रायोजित नै भएको सार्वजनिक भयो ।

गत वर्ष भदौ २३ गते निहत्था जनताको हत्या र भदौ २४ गते देशभरिझैं आगजनी हुनुमा तत्कालीन प्रम ओली नै दोषी हुन् । ओलीले भदौ २३ गतेअघि नै डिस्कर्ड र रेडिटलगायत सामाजिक सञ्जालमा 'पेट्रोल बम लिएर आउनु', 'निर्णायक आन्दोलन गर्ने' लगायत सल्लाह गरेको विषयलाई हलुका रूपमा लिए । भदौ २४ गते बिहान राजीनामा नदिने अडान राखेका ओली अपराह्न १:३० बजे सेनालाई राजीनामा बुझाएर १२ दिन बेपत्ता भए । भदौ २४ गते राष्ट्रपति पौडेललाई ओलीले नयाँ प्रधानमन्त्री नियुक्ति गर्ने सहमति दिएर अर्को देशघात गरे ।

शासक दलहरू पालैपालो सरकारको नेतृत्वमा पुग्न एक अर्कोसँग भित्री वा बाहिरी साँठगाँठ गर्छन् । तत्कालीन माओवादीका प्रचण्डले सशस्त्र द्वन्द्वमा लागेको आफ्नो पार्टी 'गौरवशाली' भएको दाबी गर्थे । अहिले माओवादी पार्टी नै नामोनिशान नहुने गरी नाम परिवर्तन गरेका प्रचण्डको समर्थन कहिले एमाले, कहिले नेका त कहिले रास्वपातिर रहेको देखिन्छ ।

बालेन सरकार गठनलगत्तै एमालेका ओली पक्राउमा परे र अदालतको आदेशमा रिहा भए । ओलीले भदौ २४ गतेयता १२ दिन आफू कता गुमनाममा बसेको हो, अहिलेसम्म खुलासा गरेनन् भने राष्ट्रपति पौडेलले पनि भदौ २४ गतेपछि तीन दिन सरकारी निवास छाडेर कहाँ लुक्न पुगेको हो बोलेका छैनन् । देशको 'मियो' को रूपमा रहेकाहरू जनतालाई थाहा नदिई बेपत्ता भएकै कारण देश यो सङ्कटमा परेको हो । प्रचण्ड र माधवकुमार नेपाल पनि भदौ २४ गतेयता चार दिन सिंहदरबारस्थित सेनाको ब्यारेकमा किन लुकेर बसेका हुन् ? यसबारे स्पष्ट गरेका छैनन् । देश जलाइएको बेला लुकेर बस्नेहरूलाई प्रधानमन्त्री, राष्ट्रपति र पूर्वप्रधानमन्त्री पद दिन मिल्छ ?

नेकाको १५ औं महाधिवेशनमा गगनको नेतृत्वमा असोज १८ गते काठमाडौं खुलामञ्चमा उद्घाटन भयो । त्यहाँ प्रचण्ड र रवि पनि बोल्न पुगे । रास्वपाका प्रम बालेनको नाममा खुलेको सामाजिक सञ्जालमा बाहिरियो– "धन्न खुला मञ्च राम्रो बनाइएछ, नयाँ पार्टी (गगनको नेका) ले कार्यक्रम गरेर गाली गर्न पाएछ ।" विपक्षीले सरकारको आलोचना गर्ने प्रजातन्त्रको सौन्दर्य हो । सरकारको आलोचना गर्नु जनताको अधिकार हो । सरकारले विपक्षी जनताको आलोचनालाई 'विरोध वा गाली' ठान्नु प्रजातान्त्रिक चरित्र होइन ।

जेनजी दाबी गरी गत वर्ष भदौ २३ र २४ गतेको आन्दोलनमा हिँडेकी एकजनाले लेखिन् "धन्न जेनजीहरूले आन्दोलन गर्दिएर, रगत बगाइदिएर, घाइते/सहिद भइदिएर सामान्य राजनीतिक संस्कारसमेत नभएकाहरू प्रधानमन्त्री, मन्त्री र सांसद हुन पाए ।"

गत वर्ष भदौ २३ र २४ गतेको उपद्रोयताको अवस्थालाई कतिपयले सरकार संरा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको कठपुतली भएको, कतिपयले सैनिक शासनजस्तै भएको, कतिपयले बुँख्याचाको नेतृत्वमा नागरिक शासन भएको आदि टिप्पणी गर्दै छन् । रास्वपा सरकारले संसद्मा नेपालले भारतको सीमा मिचेको बताएको, संयुक्त राष्ट्र सङ्घमा 'नयाँ देशको प्रतिनिधि' बताएको, नेपालले अमेरिकी नीति र कानुन पालना गर्नुपर्ने एमसीसी सम्झौता, नेपाली युवालाई 'भाडाको सिपाहीं' बनाउने सन् १९४७ को गोर्खा भर्ती र नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को नेपाल–भारत सन्धि खारेजीको आवाज नउठाई मल भएन, इन्धन भएन भनी रोइलो गरेबाट यो सरकार 'नयाँ शिशिमा पुरानै रक्सी' पुष्टि हुन्छ । रास्वपा सरकारले मल कारखाना स्थापना गर्ने र भारतको कब्जामा गएको महाकाली, कर्णाली, अरुण, कोसी नदी फिर्ता लिएर नेपालीको लगानीमा जलविद्युत् उत्पादन गरे मल र इन्धन अभाव पूर्तिका साथै निर्यातसमेत हुनेछ । यो साहस नगर्ने रास्वपा सरकार पनि नेका, एमाले, तत्कालीन माओवादी सरकारकै ड्याडमा परेको किन होइन ? नेपाली जनता सामाजिक सञ्जालको अल्गोरिदमसँगै मत परिवर्तनमा होइन, नेमकिपाजस्तो देशभक्त पार्टीको अडानमा लाग्नु आवश्यक छ । यसले मात्र देश र जनताको हित गर्नेछ ।

*२०८३ असोज १९ गते*

# भक्तपुरको परम्परागत बजार र चाडपर्वको मौलिकता



पाठक पत्र

भक्तपुर नगरपालिकाले हालै चाडपर्व र जात्राहरूमा परम्परागत रूपमा बजार क्षेत्रमा बिक्री हुँदै आएका पूजा सामग्री, फलफूललगायतका वस्तुहरूको बिक्री वितरणलाई निषेध गर्दै भेलुखेलस्थित नयाँ स्थानमा मात्रै कारोबार गर्नुपर्ने गरी निकालेको सूचनाप्रति नगरवासीहरूको ध्यानाकर्षण भएको छ । भक्तपुरमा वर्षभरि मनाइने विभिन्न चाडपर्व तथा जात्राहरूमा आवश्यक पर्ने सामग्रीहरू नगरका विभिन्न ऐतिहासिक चोक तथा बजारहरूमा बिक्री गर्ने चलन कुनै सामान्य व्यावसायिक गतिविधि मात्र होइन, यो हाम्रो जीवन्त संस्कृति र अमूर्त सम्पदाको एक अभिन्न पाटो पनि हो । यहाँ सङ्क्रान्तिमा चाकु, गाईजात्रामा बाँस, देवाली पूजामा बोका तथा दसैं र तिहारजस्ता महान् चाडपर्वहरूमा पूजा सामग्री, फलफूल, भाइटीकालाई चाहिने सामग्रीका साथै उखु आदि परापूर्वकालदेखि नै ऐतिहासिक बजारमै बिक्री वितरण हुँदै आएका छन् ।

"भक्तपुर गएपछि आवश्यक पर्ने हरचिज पाइन्छ" भन्ने मान्यताका कारण भक्तपुर नगरपालिकाबाहेकका छिमेकी स्थानीय तहहरू – जसलाई पहिले गाउँ भनिन्थ्यो – का बासिन्दाहरू समेत खरिदका लागि भक्तपुर आउने गरेको लामो ऐतिहासिक परम्परा रहेको छ । तर, एकाएक पुराना ऐतिहासिक बजारहरूलाई पूर्ण रूपमा निषेध गरी भेलुखेलजस्तो नयाँ स्थानमा मात्रै बजार सीमित गर्दा उपभोक्ताहरूका लागि यो अति नै अपायक भएको छ । यसले एकातिर जनसाधारणलाई सास्ती थपेको छ भने अर्कोतर्फ हाम्रो सांस्कृतिक बजारको मौलिकता पनि हराउँदै जाने जोखिम बढेको छ ।

तसर्थ, परम्परागत बजारलाई रातारात पूर्ण रूपमा बन्द गर्नुभन्दा यसको व्यावहारिक र मध्यमार्गी समाधान खोजिनु आवश्यक छ । चाडपर्वको विशेष समयमा (केही सीमित दिनका लागि) पुराना ऐतिहासिक बजारहरूमा नै परम्परागत सामग्रीहरू बिक्री गर्न दिने र अन्य नियमित व्यापारिक गतिविधिहरू नयाँ स्थानमा गर्ने गरी व्यवस्था मिलाउन सके संस्कृति पनि जोगिने र व्यवसायी तथा उपभोक्ता दुवैलाई सहज हुनेछ । यस विषयमा नगरपालिकाले समयमै पुनर्विचार गर्ला भन्ने अपेक्षा गरेको छु ।

***– एक सचेत नगरवासी/पाठक, भक्तपुर***

# के टिग्रे युद्ध चर्किएसँगै इथियोपियाका छिमेकी राष्ट्रहरूले हस्तक्षेप गर्लान् ?

✍ जेकारियास जेलालेम, अडिस अबाबा, इथियोपिया

*(टिग्रेमा पुन: सुरु भएको युद्धले इथियोपियाको पहिलेदेखि नै तनावपूर्ण रहेको क्षेत्रीय सम्बन्धहरूको कडा परीक्षा लिइरहेको छ ।)*

करिब दुई सातासम्म चलेको भिषण लडाइँपछि इथियोपियाको सङ्घीय सेना टिग्रे क्षेत्रको राजधानी मेकेल्लेमा प्रवेश गरेको छ । यस क्रममा टिग्रे पिपुल्स लिबरेसन फ्रन्ट (TPLF) सहितका विद्रोही समूहहरूको गठबन्धनले सहरबाट आफ्नो फौज फिर्ता गरेको बताइएको छ ।

गत महिनाको अन्त्यतिर सुरु भएको यो युद्धले सन् २०२२ मा भएको प्रिटोरिया युद्धविराम सम्झौता तथा त्यसपछि कायम रहेको नाजुक शान्तिलाई प्रभावकारी रूपमा समाप्त गरेको छ ।

तर, मेकेल्लेको नियन्त्रणमा आउनु सम्भवत: युद्धको अन्त्य नभई परम्परागत सैन्य सङ्घर्षको अन्त्य मात्र हुनसक्छ । टिग्रेका अन्य क्षेत्रमा लडाइँ जारी रहेको छ भने इरिट्रियाली सैनिकहरू उत्तरी टिग्रेका सहरहरूमा प्रवेश गरेको भन्ने रिपोर्टहरूले द्वन्द्वमा अझ खतरनाक क्षेत्रीय आयाम थपिदिएको छ ।

इथियोपियाली सङ्घीय सेनाले हवाई शक्ति र स्थल सेनाको प्रयोग गर्दै टिग्रेभरि आफ्नो अग्रसरता बढाएको थियो । अलामाटा र कोबो सहर आसपास लगातार पराजय भोगेपछि विद्रोही सेनाहरू वरपरका ग्रामीण क्षेत्रमा पछि हटेका थिए । उनीहरूले लडाइँ जारी राख्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।



*यस क्षेत्रमा पुन: सुरु भएको लडाइँका बिच, टिग्रेको क्षेत्रीय राजधानी मेकेल्लेलाई इथियोपियाली सङ्घीय सेना र तिनका सहयोगी लडाकुहरूले पुन: आफ्नो नियन्त्रणमा लिएका छन् । (एएफपी)*




*युद्धग्रस्त उत्तरी इथियोपिया टिग्रे, अम्हारा र अफार प्रान्त*

“हामी शत्रुसँग हाम्रो सर्तमा र हामीले रोजेको स्थानमा सामना गर्नेछौँ,” टीपीएलएफ नेता डेब्रेट्सियन गेब्रेमाइकलले भने ।

**युद्ध समाप्त भइसकेको छैन**

सन् २०२० मा सुरु भएको युद्धसँग यस घटनाको केही समानता देखिन्छ । त्यतिबेला प्रधानमन्त्री अबिइ अहमदको सरकारले सङ्घीय सेनाले मेकेल्ले कब्जा गरेपछि विजय घोषणा गरेको थियो । तर, त्यसपछि टिग्रेयन सेनाहरू पहाडी क्षेत्रमा पुनर्गठित भएका थिए, क्षेत्रको ठुलो भाग पुन: आफ्नो नियन्त्रणमा लिएका थिए र राजधानी पनि फिर्ता कब्जा गरेका थिए । यसले युद्धलाई झन्डै डेढ वर्षसम्म लम्ब्याएको थियो ।

नयाँ द्वन्द्वले पनि यस्तै दिशा लिन सक्ने सम्भावना छ, विशेष गरी यदि टीपीएलएफ र अन्य सशस्त्र समूहहरूले पहाडी भूभागलाई आधार बनाई दीर्घकालीन सशस्त्र विद्रोह सञ्चालन गर्न सफल भए भने ।

इथियोपिया अहिले अम्हारा र ओरोमिया क्षेत्रमा पनि विद्रोही गतिविधिहरूसँग जुधिरहेको छ । यसले सङ्घीय सेनामाथि एकै समयमा धेरै मोर्चाहरूमा लड्नुपर्ने दबाब बढ्न सक्ने अवस्था सिर्जना गरेको छ ।

तर, विद्रोही पक्षले भोगेका युद्ध क्षेत्रका पराजयले टिग्रेभन्दा टाढासम्म असर पार्न सक्ने सम्भावना छ । अफ्रिकी मामिलाका विश्लेषक होस्सामाल्दिन इब्राहिमका अनुसार यसले इजिप्ट तथा इथियोपियाका अन्य प्रतिद्वन्द्वीहरूमा चिन्ता बढाएको छ ।

“इजिप्टले पुनर्जागरण बाँध (Renaissance Dam) र इथियोपियाको कुनै पनि सैन्य गतिविधि लाल सागर (Red Sea) तर्फ अघि बढ्नुलाई रणनीतिक खतरा ठान्छ । त्यसैले, उसले इथियोपियाको एकपक्षीय कदमको प्रतिरोध गर्न इरिट्रिया, सुडान र सोमालियासँग गठबन्धन बनाएको छ,” इब्राहिमले अल जजीरालाई भने ।

“इथियोपिया समुद्रसम्म पहुँच खोजिरहेको छ भने इरिट्रियाले यसलाई आफ्नो अस्तित्वमाथिको खतराको रूपमा हेर्छ ।”

**लाल सागरप्रति इथियोपियाको महत्त्वाकाङ्क्षा**

सन् १९९१ मा इरिट्रियाले स्वतन्त्रता युद्ध जितेपछि इथियोपिया भूपरिवेष्ठित राष्ट्र बनेको थियो । त्यसयता अडिस अबाबा अन्तर्राष्ट्रिय व्यापारका लागि छिमेकी देशहरूमाथि अत्यधिक निर्भर रहँदै आएको छ ।

सन् २०२३ यता प्रधानमन्त्री अबिइ अहमदले लालसागरमा पहुँचलाई रणनीतिक प्राथमिकताका रूपमा अघि बढाउँदै आएका छन् । विशेष गरी असाब बन्दरगाहलाई लिएर इथियोपियाको अभिप्रायबारे इरिट्रियामा चिन्ता बढेको छ ।

हाल इथियोपिया समुद्री व्यापारका लागि मुख्य रूपमा जिबुटीमा निर्भर छ । उसले केन्या र सोमालिल्यान्डमार्फत वैकल्पिक व्यवस्था खोज्ने प्रयास पनि गरिरहेको छ ।

जून १ मा भएको निर्वाचनमा आफ्नो दलको विजयपछि सोमबार अर्को पाँचवर्षे कार्यकालका लागि शपथ ग्रहण गरेका अबिइले संसद्मा सम्बोधन गर्दै पुन: यस मुद्दालाई प्राथमिकताका साथ उठाए ।

उनले संसद्लाई सम्बोधन गर्दै भने, “लिने र दिने सिद्धान्तका आधारमा, इथियोपियाले समुद्रसम्म पहुँच प्राप्त गर्ने सुनिश्चित गर्न हामी दृढतापूर्वक काम गर्नेछौँ ।”

यो मुद्दा क्रमश: व्यापक क्षेत्रीय प्रतिस्पर्धाको एक महत्त्वपूर्ण हिस्सा बन्दै गएको छ ।

**एउटा खुकुलो क्षेत्रीय गठबन्धन**

हालका महिनाहरूमा इजिप्ट, इरिट्रिया, सुडान र सोमालियाले इथियोपियाका क्षेत्रीय महत्त्वाकाङ्क्षाप्रति समान प्रकारका चिन्ता व्यक्त गर्दै आएका छन् । अक्टोबर ४ मा यी चार देशका नेताहरू इजिप्टको न्यु अलामेनमा आयोजित चारपक्षीय परामर्श शिखर सम्मेलनमा सहभागी भए, जहाँ उनीहरूले क्षेत्रीय मुद्दाहरूमा छलफल गर्दै राजनीतिक, आर्थिक र व्यापारिक सहयोगका साथै परामर्श र समन्वयलाई सुदृढ गर्ने प्रतिबद्धता व्यक्त गरे ।

यद्यपि, यो बैठकले कुनै औपचारिक सैन्य गठबन्धनको रूप लिएको छैन र अडिस अबाबासँगको सम्बन्धमा यी चारै देशका आ-आफ्नै फरक स्वार्थ र प्राथमिकताहरू छन् ।

शिखर सम्मेलनबाट जारी संयुक्त घोषणापत्रले सार्वभौमिकता र भौगोलिक अखण्डताको सम्मान, आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने सिद्धान्त तथा विवादहरूको शान्तिपूर्ण समाधानमा समेत जोड दिएको छ ।

तर, लालसागर, नाइल नदी र हर्न अफ अफ्रिका क्षेत्रसँग सम्बन्धित इथियोपियाका महत्त्वाकाङ्क्षालाई लिएर यी देशहरूको चिन्ता क्रमश: एक-अर्कासँग मिल्दै गएको छ ।

प्रिटोरिया युद्धविराम सम्झौतापछि इथियोपिया र इरिट्रियाबिचको सम्बन्ध पनि तीव्र रूपमा बिग्रिएको छ । इथियोपियाले अक्टोबर १ मा इरिट्रियास्थित आफ्नो दूतावास बन्द गऱ्यो र इरिट्रियाली कूटनीतिज्ञहरूलाई निष्कासन गर्दै अस्मारामाथि शत्रुतापूर्ण गतिविधि तथा पुन: सुरु भएको युद्धमा संलग्न रहेको आरोप लगायो । जवाफमा इरिट्रियाले कूटनीतिक सम्बन्धविच्छेद गऱ्यो, यद्यपि उसले विपक्षी गठबन्धनलाई समर्थन गरेको आरोप अस्वीकार गरेको छ । इजिप्ट र सुडानले पनि उक्त गठबन्धनलाई समर्थन गरिरहेको भन्ने इथियोपियाको आरोपलाई अस्वीकार गरेका छन् ।

टिग्रे क्षेत्रमा इथियोपियाली सेनाको अग्रसरताले यो प्रतिस्पर्धा र तनावमा थप नयाँ आयाम थपिदिएको छ ।

“टिग्रे क्षेत्रमा इथियोपियाली सेनाको अग्रसरताले प्रत्यक्ष रूपमा इरिट्रियाली राष्ट्रपति इसाइयास आफ्वेर्की र इरिट्रियाली राज्यलाई नै खतरा पुऱ्याएको छ,” मियामी विश्वविद्यालयका अफ्रिकी इतिहासका सहायक प्राध्यापक एटाना एच. डिन्काले भने ।

सन् २०२० देखि २०२२ सम्म चलेको टिग्रे युद्धका क्रममा इरिट्रियाली सेनाले इथियोपियाली सेनासँग मिलेर लडेको थियो, तर त्यसयता अबिइ र इसाइयासबिचको सम्बन्ध बिग्रिँदै गएको छ । उत्तरी टिग्रेका विभिन्न सहरहरूमा इरिट्रियाली सैनिकहरू देखिएको खबर सार्वजनिक भएको छ, जसले यस द्वन्द्वलाई सम्भावित रूपमा नयाँ र महत्त्वपूर्ण आयाम दिएको छ । एसोसिएटेड प्रेसका अनुसार, इरिट्रियाली सैनिकहरू इथियोपियाको सीमा पार गरेर आदिग्राट र इदागा-हमुसमा प्रवेश गरेका छन् । यद्यपि, इरिट्रियाले सैनिकहरूको उक्त गतिविधिबारे न त पुष्टि गरेको छ न त खण्डन नै ।

**इरिट्रियाको भूमिका निर्णायक हुन सक्छ**

इरिट्रियाका लागि युद्धको नतिजा जत्तिकै यसको स्थान पनि महत्त्वपूर्ण छ ।

टिग्रेमा लामो समयसम्म द्वन्द्व जारी रह्यो भने इथियोपियाली सेना त्यहीँ अल्झिरहन सक्छ र अडिस अबाबाको लालसागरसम्बन्धी महत्त्वाकाङ्क्षा अघि बढाउने क्षमता सीमित हुन सक्छ । तर, इथियोपियाले निर्णायक विजय हासिल गरेमा सङ्घीय सरकारलाई आफ्नो ध्यान क्षेत्रीय प्रतिद्वन्द्वीहरूतर्फ केन्द्रित गर्न थप स्वतन्त्रता मिल्न सक्छ ।

“इरिट्रियाली सैनिकहरू टिग्रेतर्फ अघि बढिरहेको भन्ने रिपोर्टहरूलाई हेर्दा, इरिट्रिया उत्तरतर्फ पछि हटिरहेका टीपीएलएफ बलहरूलाई सुदृढ बनाउन इच्छुक देखिन्छ, ताकि इथियोपियाली र इरिट्रियाली सैनिकहरूबिचको भिडन्त इरिट्रियाको भूमि नभई टिग्रे क्षेत्रभित्र होस्,” हर्न अफ अफ्रिकाको क्षेत्रका विषयमा अनुसन्धान गर्ने मोहम्मद खैर ओमरले भने ।

यसले इरिट्रियालाई प्रत्यक्ष युद्धमा संलग्न नभई पनि इथियोपियाली सेनालाई लामो समयसम्म व्यस्त राख्न सक्ने शक्तिहरूलाई समर्थन गर्ने प्रेरणा दिन सक्नेछ ।

**सुडानले थपेको अर्को आयाम**

सुडानको युद्धले क्षेत्रीय प्रतिस्पर्धामा अर्को आयाम थपेको छ ।

रोयटर्सका अनुसार, इजिप्टले सुडानी सेनालाई राजनीतिक समर्थनका साथै प्राविधिक र रसदसम्बन्धी सहयोग प्रदान गरेको छ । यसैबिच, र्‍यापिड सपोर्ट फोर्सेस (RSF) माथि दार्फुर क्षेत्रमा अत्याचार गरेको आरोप लाग्दै आएको छ ।




*लडाइँ र युद्धग्रस्त क्षेत्रहरूको नक्सा*

इथियोपियामाथि आरएसएफलाई सहयोग पुग्ने वातावरण तयार गरिदिएको आरोप पनि लागेको छ । रोयटर्सको फेब्रुअरी महिनाको एक अनुसन्धानात्मक प्रतिवेदनअनुसार, इथियोपियाको पश्चिमी बेनिशाङ्गुल-गुमुज क्षेत्रमा आरएसएफसँग सम्बन्धित हजारौँ लडाकुहरूलाई तालिम दिइने शिविर सञ्चालन गरिएको थियो ।

रोयटर्सले आठ स्रोतलाई उद्धृत गर्दै, जसमा इथियोपिया सरकारका एक वरिष्ठ अधिकारी पनि समावेश थिए, संयुक्त अरब इमिरेट्स (यूएई) ले उक्त शिविर निर्माणका लागि आर्थिक सहयोग गरेको तथा सैन्य प्रशिक्षक र रसद सहायता उपलब्ध गराएको दाबी गरेको थियो । यूएईले यी आरोपहरू अस्वीकार गरेको थियो र रोयटर्सले पनि यूएईको भूमिकालाई स्वतन्त्र रूपमा पुष्टि गर्न नसकेको जनाएको थियो ।

यी परस्पर प्रतिस्पर्धी सम्बन्धहरू नाइल नदी, सुडान, लालसागर तथा व्यापारिक मार्गहरूमा पहुँचसम्बन्धी व्यापक क्षेत्रीय प्रतिस्पर्धाको हिस्सा हुन् ।

बाँकी पृष्ठ ७ मा




संरा अमेरिकाको न्युयोर्कस्थित आप्रवासन कार्यान्वयन कार्यालय -आइसीई कार्यालयअगाडि आइसीईको क्रियाकलापविरुद्ध विरोध प्रदर्शन गर्दै अमेरिकी जनता अक्टोबर ९, २०२६ को दिन । एकदिनअघि अक्टोबर ८ को दिन आइसीई अफिसरहरूले एक मानिसलाई बिनाकारण गोली हानी मारेका थिए ।

*तस्बिर : एपी/म्याडिसन स्वार्ट*

# अन्तर्राष्ट्रिय न्यायको संरक्षणमा जोड, अमेरिकी प्रतिबन्धप्रति संयुक्त राष्ट्रसङ्घको चासो

ओटावा,२४ असोज (सिन्हुवा) । अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) विरुद्ध संयुक्त राज्य अमेरिकाले प्रतिबन्ध लगाउने घोषणा गरेपछि संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस तथा आठ राष्ट्रका विदेशमन्त्रीहरूले उक्त निर्णयप्रति गम्भीर चासो व्यक्त गर्नुभएको छ । उहाँहरूले अन्तर्राष्ट्रिय न्याय प्रणालीको स्वतन्त्रता, निष्पक्षता र प्रभावकारिताको संरक्षण गर्नुपर्ने महत्त्वमा जोड दिनुभएको छ ।

संयुक्त राष्ट्रसङ्घका महासचिवका प्रवक्ता स्टेफान दुजारिकले शुक्रबार जारी गर्नुभएको वक्तव्यअनुसार महासचिव गुटेरेसले अमेरिकी प्रतिबन्धले अदालतको समग्र कार्यक्षमतामा पार्न सक्ने प्रभावप्रति चिन्ता व्यक्त गर्नुभएको छ । विशेषगरी संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद् तथा रोम विधानका पक्ष राष्ट्रहरूले अदालतसमक्ष पठाएका मुद्दाहरूमा काम गर्ने क्षमतामा असर पर्न सक्ने विषयप्रति उहाँले ध्यानाकर्षण गराउनुभएको छ ।

प्रवक्ता दुजारिकका अनुसार अन्तर्राष्ट्रिय अपराधमा संलग्न व्यक्तिहरूलाई जवाफदेही बनाउनु र पीडितहरूलाई न्याय उपलब्ध गराउनु विश्वव्यापी शान्ति, सुरक्षा, मानव अधिकार तथा मौलिक स्वतन्त्रताप्रतिको साझा प्रतिबद्धताको महत्त्वपूर्ण हिस्सा हो । महासचिव गुटेरेसले अन्तर्राष्ट्रिय फौजदारी अदालत र यसका अधिकारीहरूको स्वतन्त्रताप्रति आफ्नो दृढ समर्थन दोहोऱ्याउँदै सबै राष्ट्रलाई अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका प्रतिबद्धता पालना गर्न आह्वान गर्नुभएको छ ।

यसैबिच, क्यानडा, डेनमार्क, जर्मनी, फ्रान्स, इटाली, जापान, नेदरल्यान्ड्स र बेलायतका विदेशमन्त्रीहरूले संयुक्त वक्तव्य जारी गर्दै अमेरिकी निर्णयप्रति खेद व्यक्त गर्नुभएको छ । रोम विधानका पक्ष राष्ट्रका रूपमा ती आठ देशले अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्वतन्त्रता, निष्पक्षता र संस्थागत अखण्डताप्रतिको आफ्नो समर्थन पुनः पुष्टि गर्नुभएको छ ।

ती राष्ट्रहरूले सन् २०२६ को डिसेम्बरमा हुने रोम विधानका पक्ष राष्ट्रहरूको सभाको तयारीका क्रममा विधानमा आबद्ध नरहेका मुलुकहरूसँग पनि रचनात्मक तथा समावेशी संवाद अघि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

यसअघि अमेरिकी विदेशमन्त्री मार्को रुबियोले अदालतसँग हुने कारोबारमा प्रतिबन्ध लगाउने, यसका स्रोतसाधनमा पहुँच सीमित गर्ने तथा कार्यसञ्चालन क्षमतामा असर पार्ने उद्देश्यसहित प्रतिबन्धको घोषणा गरेका थिए ।

यस घटनाक्रमले अन्तर्राष्ट्रिय न्याय, कानुनी जवाफदेहिता तथा बहुपक्षीय सहकार्यको महत्त्वलाई पुनः चर्चामा ल्याएको छ ।

## इथियोपियामा युद्धविराम गर्न राष्ट्रसङ्घको आग्रह

संयुक्त राष्ट्रसङ्घ, २४ असोज (सिन्हुवा) । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले इथियोपियाको उत्तरी क्षेत्रमा पुनः सुरु भएको हिंसा रोक्न सम्बन्धित सबै पक्षलाई आग्रह गर्नुभएको छ ।

महासचिवका प्रवक्ता स्टेफन दुजारिकका अनुसार टिग्रे, अफार र अम्हारा क्षेत्रमा पुनः लडाइँ सुरु भएपछि गुटेरेसले चिन्ता व्यक्त गर्नुभएको हो । उहाँले तत्काल युद्धविराम गर्न र प्रिटोरिया सम्झौताअनुसार वार्तामा फर्कन सम्बन्धित पक्षलाई आग्रह गर्नुभएको छ ।

द्वन्द्व थप चर्किएमा क्षेत्रीय शान्ति र स्थिरतामा असर पर्न सक्ने भन्दै उहाँले सबै पक्षलाई संयम अपनाउन अनुरोध गर्नुभएको छ । साथै, अन्य देशको आन्तरिक मामिलामा हस्तक्षेप नगर्न र कुनै पनि देशको भौगोलिक अखण्डता तथा राजनीतिक स्वतन्त्रताको सम्मान गर्न सबै राष्ट्रलाई आग्रह गर्नुभएको छ ।

गुटेरेसले द्वन्द्वरत पक्षमाथि प्रभाव राख्ने राष्ट्रहरूलाई तनाव कम गर्न सहयोग गर्न र द्वन्द्व बढाउने गतिविधिबाट टाढा रहन पनि आह्वान गर्नुभएको छ । समस्या समाधानका लागि संयुक्त राष्ट्रसङ्घ मध्यस्थता गर्न तयार रहेको उहाँले बताउनुभएको छ ।

# भारतमा ठूलो प्रदर्शनअघि ‘कक्रोच’ आन्दोलनका प्रमुखसहित तीन नेता पक्राउ

नयाँदिल्ली, २४ असोज (एएफपी) । भारतको निर्वाचन आयोगविरुद्ध आह्वान गरिएको ठूलो विरोध प्रदर्शनअघि शनिबार व्यङ्ग्यात्मक अनलाइन अभियान ‘कक्रोच जनता पार्टी’ (सीजेपी) का प्रमुखसहित तीन नेतालाई प्रहरीले नियन्त्रणमा लिएको पार्टीले जनाएको छ ।

युवाहरूको नेतृत्वमा रहेको सीजेपीले सामाजिक सञ्जालमार्फत दिएको जानकारीअनुसार, प्रदर्शनमा सहभागी हुन नयाँदिल्ली पुगेका अभिजित दिपकेसहित तीन नेतालाई विमानबाट ओर्लिनेबित्तिकै प्रहरीले नियन्त्रणमा लिएको हो ।

भारतीय निर्वाचन आयोग (ईसीआई)ले देशभर मतदाता नामावली पुनरावलोकनका क्रममा अनियमितता गरेको आरोप लगाउँदै विपक्षी दलहरूले केही सातादेखि सञ्चालन गर्दै आएको अभियानको निरन्तरताका रूपमा यी प्रदर्शन हुन लागेका हुन् ।

विपक्षी दल र आलोचकहरूले मतदाता नामावली पुनरावलोकनका कारण लाखौँ मतदाता मताधिकारबाट वञ्चित हुन सक्ने र प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सत्तारूढ हिन्दू राष्ट्रवादी भारतीय जनता पार्टी (भाजपा) लाई फाइदा पुग्न सक्ने आरोप लगाएका छन् ।

तर, निर्वाचन आयोगले भने ‘विशेष सघन पुनरावलोकन’ प्रक्रियामा अनियमितता भएको आरोप अस्वीकार गर्दै दोहोरो नाम भएका तथा अयोग्य मतदाताको नाम हटाउनु यसको मुख्य उद्देश्य रहेको बताएको छ ।

विपक्षी आम आदमी पार्टीका नेता अरविन्द केजरीवालले विज्ञप्ति जारी गर्दै सरकारको कदमको आलोचना गर्नुभएको छ ।

“यो आधिकारिक भयो... हामी मोदीको पूर्ण तानाशाही शासनमा बाँचिरहेका छौँ,” केजरीवालले भन्नुभयो । विमानबाट ओर्लिनेबित्तिकै आन्दोलनकारीलाई पक्राउ गरिनुले सरकारमा अभूतपूर्व स्तरको डर रहेको देखाएको उहाँको भनाइ थियो ।

प्रदर्शनकारीलाई राजधानीको मध्य भागमा रहेको मुख्य प्रदर्शनस्थलसम्म पुग्न नदिन शुक्रबारदेखि नै दिल्लीमा सुरक्षा व्यवस्था कडा पारिएको छ । यसका लागि हजारौँ प्रहरी र अर्धसैनिक सुरक्षाकर्मी परिचालन गरिएको छ ।

अधिकारीहरूले दर्जनौँ मेट्रो स्टेसन बन्द गर्नुका साथै दिल्ली आउने विभिन्न रेल सेवा रद्द गरेका छन् । प्रदर्शनस्थल आसपासका क्षेत्रमा अस्थायी रूपमा मोबाइल इन्टरनेट सेवा पनि बन्द गरिएको छ ।

शनिबार प्रसारित टेलिभिजन दृश्यहरूमा प्रहरीले मध्य दिल्लीका विभिन्न क्षेत्रमा प्रदर्शनकारीलाई लखेट्दै र उनीहरूलाई सवारीसाधनमा राख्दै गरेको देखिएको थियो । स्थानीय सञ्चारमाध्यमका अनुसार, हालसम्म २०० भन्दा बढी प्रदर्शनकारीलाई नियन्त्रणमा लिइएको छ ।

यी प्रदर्शनलाई गत जुलाईमा सीजेपीले गरेको व्यापक जनपरिचालनको निरन्तरताका रूपमा हेरिएको छ । उक्त आन्दोलन परीक्षासम्बन्धी विवादपछि चर्किएको थियो र त्यसले शिक्षा मन्त्रीलाई राजीनामा दिन बाध्य पारेको थियो ।

यसपटक आन्दोलनकारीहरूले निर्वाचन आयोगका प्रमुख ज्ञानेश कुमारले पदबाट राजीनामा दिनुपर्ने माग गरेका छन् ।

## विश्व सङ्क्षेप

### चीनद्वारा अन्तरिक्ष प्रविधिको विकासलाई निरन्तरता दिँदै नयाँ उपग्रह प्रक्षेपण

वेन्चाङ, हाइनान,२४ असोज (सिन्हुवा) । चीनले शनिबार दक्षिणी टापु प्रान्त हाइनानस्थित व्यावसायिक अन्तरिक्ष प्रक्षेपण केन्द्रबाट लङ मार्च-१२ वाहक रकेट सफलतापूर्वक प्रक्षेपण गरेको छ । उक्त रकेटमार्फत न्यून पृथ्वी कक्षामा रहने इन्टरनेट उपग्रहहरूको नयाँ समूह अन्तरिक्षमा पठाइएको चिनियाँ समाचार संस्था सिन्हुवाले जनाएको छ ।

बेइजिङ समयअनुसार शनिबार बिहान ३ बजेर २७ मिनेटमा प्रक्षेपण गरिएको रकेटले आफ्नो निर्धारित उडान पूरा गर्दै उपग्रहहरूलाई पूर्वनिर्धारित कक्षमा सफलतापूर्वक स्थापित गरेको थियो ।

प्रक्षेपण गरिएका उपग्रहहरू चीनको न्यून पृथ्वी कक्षीय इन्टरनेट उपग्रह कार्यक्रमअन्तर्गतको २७ औं समूह रहेको जनाइएको छ ।

यस प्रक्षेपणसँगै चीनले आफ्नो अन्तरिक्ष प्रविधि तथा उपग्रहमा आधारित सञ्चार प्रणालीको विकासलाई निरन्तरता दिएको छ । न्यून पृथ्वी कक्षमा स्थापित गरिने यस्ता उपग्रहहरू अन्तरिक्षमा आधारित इन्टरनेट तथा सञ्चार सेवाका लागि प्रयोग गरिन्छन् ।

### साउदी नेतृत्वको गठबन्धनद्वारा हुथीका १३६ सैन्य निसाना ध्वस्त पारेको दाबी

रियाद, २४ असोज (एएफपी) । यमनका हुथी विद्रोहीविरुद्ध साउदी अरबको नेतृत्वमा रहेको गठबन्धनले ठूलो स्तरको सैन्य कारबाही सञ्चालन गर्दै १३६ वटा सैन्य निसाना ध्वस्त पारेको जनाएको छ ।

गठबन्धनका प्रवक्ता तुर्की अल-मालिकीले शनिबार सामाजिक सञ्जाल एक्समार्फत इरानसमर्थित हुथी समूहका लडाकु र सैन्य क्षमताहरूलाई लक्षित गरी कारबाही गरिएको जानकारी दिनुभएको हो ।

हुथी विद्रोही र साउदी अरबको समर्थन प्राप्त यमनको अन्तर्राष्ट्रिय मान्यताप्राप्त सरकारबिच जुलाईमा पुनः चर्किएको द्वन्द्व त्यसयता साउदी अरबसम्म फैलिएको छ । हुथीहरूको अल-मसिराह टेलिभिजन च्यानलले साउदी क्षेप्यास्त्रले उत्तरपश्चिमी यमनको सादा प्रान्तका विभिन्न क्षेत्रलाई निसाना बनाएको जनाएको छ । लालसागरको तटीय क्षेत्रको ठूलो भू-भाग नियन्त्रणमा राख्दै आएका हुथी विद्रोहीले साउदी अरबका यातायात केन्द्र, तेलसम्बन्धी पूर्वाधार तथा अन्य नागरिक संरचनामा ड्रोन र क्षेप्यास्त्रबाट आक्रमण गर्दै आएका छन् ।

साउदी अधिकारीका अनुसार बिहीबार रियाद अन्तर्राष्ट्रिय विमानस्थलमा भएका आक्रमणमा तीन जनाको मृत्यु भएको थियो । हुथीहरूले पनि सोही दिन विमानस्थलमा आक्रमण गरेको दाबी गरेका थिए ।

यसैबिच, हुथी सञ्चारमाध्यमका अनुसार यमनको हुथी-नियन्त्रित राजधानी सानास्थित विमानस्थलमा साउदी नेतृत्वको गठबन्धनले गरेको आक्रमणमा दुई जनाको मृत्यु भएको छ ।

विश्वव्यापी जल यातायातका लागि महत्त्वपूर्ण मानिने बाब अल-मान्दब जलसन्धि आसपासका क्षेत्र पुनः नियन्त्रणमा लिने प्रयासमा साउदी नेतृत्वको गठबन्धन र यमनी सरकारी सेना जुटिरहेका छन् । तर, हुथी विद्रोहीको सैन्य प्रगतिलाई रोक्न तथा उनीहरूले कब्जा गरेका क्षेत्र फिर्ता लिन सरकारी पक्षलाई कठिनाइ भइरहेको छ ।

### युद्धविरामको एक वर्षपछि पनि गाजामा भोकमरी र कुपोषणको सङ्कट

खान युनिस, २४ असोज (एएफपी) । इजरायल र हमासबिच युद्धविराम भएको एक वर्ष बितिसक्दा पनि गाजामा भोकमरी र कुपोषणको समस्या गम्भीर अवस्थामा रहेको छ । खाद्य सहायता भित्रिन थाले पनि पर्याप्त पोषणयुक्त खाना अभावमा लाखौं प्यालेस्टिनी प्रभावित छन् ।

गाजाकी ३५ वर्षीया नियाहा अल-मासरी हरेक दिन आफ्ना आठ छोराछोरीसहित परिवारका लागि खाना जुटाउन सामुदायिक भान्सामा घण्टौं लाइन लाग्नुहुन्छ । मानवीय सहायता संस्थाले सञ्चालन गरेको भान्साबाट प्राप्त खाना नै खान युनिसस्थित पालमा बस्ने उहाँको १० सदस्यीय परिवारको दिनभरको एकमात्र भोजन हो ।

मासरीका श्रीमान् हवाई आक्रमणमा दुवै खुट्टाको घाइते भएकाले परिवारका लागि खाद्यान्न जुटाउन असमर्थ हुनुहुन्छ । परिवारसँग भएको थोरै पिठो पनि जोगाएर प्रयोग गर्नुपर्ने अवस्था छ । उहाँका तीनदेखि १४ वर्षसम्मका छोराछोरी फलफूल खाने सपना देख्छन्, तर परिवारसँग किन्ने पैसा छैन ।

संयुक्त राष्ट्रसङ्घ समर्थित एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरण (आइपीसी) ले अगस्त २०२५ मा गाजामा अनिकाल घोषणा गरेको थियो । इजरायलले उक्त निष्कर्ष अस्वीकार गरेको थियो । युद्धविरामपछि खाद्य आपूर्ति बढ्दा डिसेम्बरमा संयुक्त राष्ट्रसङ्घले अनिकालसम्बन्धी घोषणा फिर्ता लिएको थियो ।

यद्यपि, संयुक्त राष्ट्रसङ्घको विश्व खाद्य कार्यक्रमका शन ह्युजेसका अनुसार गाजाको खाद्य सुरक्षा अवस्था अझै अत्यन्त गम्भीर छ । जुलाईको तथ्याङ्कअनुसार, करिब २१ लाख जनसङ्ख्यामध्ये १४ लाख मानिस चरम खाद्य असुरक्षामा छन् । तीमध्ये दुई लाख मानिस भोकमरीको अवस्थाभन्दा एक तह मात्र माथि छन् ।

इजरायली रक्षा मन्त्रालयअन्तर्गतको नागरिक मामिला हेर्ने निकाय कोगाटले भने गाजाको मानवीय अवस्था स्थिर रहेको जनाएको छ ।

खाद्य सामग्री उपलब्ध भए पनि फलफूल, ताजा तरकारी र प्रोटिनयुक्त खानेकुराको अभावले कुपोषणको जोखिम बढाएको छ । मासरीका एक छोरामा सन् २०२५ को अनिकालका बेला कुपोषण देखिएको थियो । उनको स्वास्थ्यमा क्रमिक सुधार भए पनि बालबालिकामा दोहोरिने कुपोषणले दीर्घकालीन शारीरिक तथा मानसिक विकासमा असर पार्न सक्ने विज्ञहरूको चेतावनी छ ।

# दर्शनशास्त्रबारे लेनिनका १६ बुँदा

भ्लादिमिर लेनिनले सन् १९१४-१९१५ मा स्विट्जरल्यान्डको बर्नमा रहँदा जर्मन दार्शनिक हेगेलको पुस्तक 'तर्कशास्त्रको विज्ञान' (Science of Logic) को गहिरो अध्ययन गर्नुभएको थियो। त्यस अध्ययनको क्रममा तयार गरिएका नोटहरू पछि 'दार्शनिक नोटबुकहरू' (Philosophical Notebooks) का रूपमा प्रकाशित भए।

त्यसै क्रममा लेनिनले द्वन्द्ववाद (Dialectics) का १६ वटा आधारभूत तत्त्व वा नियमहरू सूत्रबद्ध गर्नुभयो। यी १६ बुँदाहरू मार्क्सवादी दर्शन (द्वन्द्वात्मक भौतिकवाद) का सबैभन्दा उन्नत व्याख्या मानिन्छन्।



**१. वस्तुगत अवलोकन (Objectivity of consideration)**

कुनै पनि वस्तु, घटना वा सामाजिक स्थितिको विश्लेषण गर्दा पूर्वाग्रह, व्यक्तिगत इच्छा वा बाह्य उदाहरणका आधारमा होइन, वस्तु आफैँमा जे हो त्यसको यथार्थ रूप हेर्नुपर्छ। बाहिरबाट थोपरिएको विचार नभई वस्तुको आफ्नै वस्तुगत यथार्थको निष्पक्ष अध्ययन पहिलो सर्त हो।

**२. सम्बन्धहरूको समग्रता (Totality of relations)**

संसारमा कुनै पनि वस्तु पूर्णतया एक्लो वा अलग-अलग रहँदैन। प्रत्येक वस्तु वा परिघटना अन्य सयौँ, हजारौँ वस्तुहरूसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिएको हुन्छ। त्यसैले कुनै विषयलाई बुझ्न त्यसका चौतर्फी सम्बन्धहरूको समग्रता (Totality) लाई केलाउनुपर्छ।

**३. आफ्नै गति र विकास (Self-movement and development)**

वस्तु स्थिर वा जड छैन। यो निरन्तर गतिशील र परिवर्तनशील छ। त्यो गति बाहिरबाट कसैले दिएको धक्का मात्र होइन, वस्तुको आफ्नै आन्तरिक नियम र जीवन-प्रक्रियाबाट निर्देशित हुन्छ। त्यसैले वस्तुको आत्म-विकासको अध्ययन हुनुपर्छ।

**४. आन्तरिक अन्तरविरोध (Internal contradictory tendencies)**

प्रत्येक वस्तुभित्र एकअर्कासँग असङ्गत, विपरीत र विरोधी प्रवृत्तिहरू तथा शक्तिहरू विद्यमान हुन्छन्। बाहिर शान्त देखिए पनि वस्तुभित्र निरन्तर आन्तरिक अन्तरविरोधहरू क्रियाशील भइरहेका हुन्छन्।

**५. विपरीतहरूको योग र एकता (Unity of opposites)**

वस्तु भनेकै अन्तरविरोधी पक्षहरूको योग वा मेल हो। उदाहरणका लागि, चुम्बकका उत्तर र दक्षिण ध्रुव, जीवशास्त्रमा कोषको निर्माण र क्षय वा समाजमा शोषक र शोषित वर्ग। यी विपरीत पक्षहरू एक-अर्कामा अन्तरसम्बन्धित भएर एउटै प्रणालीभित्र सह-अस्तित्त्वमा रहन्छन्।

**६. विपरीतहरूको सङ्घर्ष (Struggle of opposites)**

विपरीत पक्षहरू सँगै रहे पनि तिनीहरू स्थिर रहँदैनन्; तिनीहरूबिच निरन्तर द्वन्द्व, खिचातानी र सङ्घर्ष चल्छ। यो सङ्घर्षले नै प्रणालीलाई अस्थिर बनाउँछ र गतिशीलता पैदा गर्छ।

**७. विश्लेषण र संश्लेषणको संयोजन ( Combination of analysis and synthesis)**

कुनै पनि वस्तुलाई बुझ्न पहिले त्यसका छुट्टाछुट्टै अङ्ग, पक्ष वा तत्त्वहरूको चिरफार गरेर विश्लेषण (Analysis) गर्नुपर्छ। त्यसपछि ती सबै टुक्राहरूलाई जोडेर एउटा सिङ्गो एकाइका रूपमा हेर्ने संश्लेषण (Synthesis) गर्नुपर्छ। यी दुवै विधिको संयोजनबाट मात्र सत्य पत्ता लाग्छ।

**८. प्रत्येक सम्बन्धको बहुपक्षीयता (Multilateral relations)**

वस्तुका प्रत्येक पक्ष वा गुणले अन्य तत्त्वहरूसँग बहुआयामिक सम्बन्ध राख्दछन्। एउटा तत्त्वलाई अर्को तत्त्वमा बाँध्ने पुल, माध्यम र सङ्क्रमणका कडीहरूको विस्तारमा खोजी गर्नुपर्छ।

**९. विपरीतहरूको रूपान्तरण (Transformation of opposites into each other)**

विकासको एक निश्चित बिन्दुमा पुगेपछि विपरीत पक्षहरू एकअर्कामा फेरिन्छन्। पुरानो समयको प्रगतिशील शक्ति कालान्तरमा प्रतिक्रियावादी बन्न सक्छ र दबाबमा परेको शक्ति प्रमुख शक्तिमा रूपान्तरित हुन सक्छ। एउटा विपरीत पक्ष अर्कोमा सङ्क्रमण हुनु द्वन्द्ववादको महत्त्वपूर्ण नियम हो।

**१०. नयाँ सम्बन्धहरूको अनन्त प्रक्रिया (Endless process of new aspects)**

वस्तुको अध्ययन वा विकास कुनै एक बिन्दुमा पुगेर समाप्त हुँदैन। जब नयाँ परिस्थिति बन्छ, फेरि नयाँ-नयाँ पक्ष, सम्बन्ध र अन्तरविरोधहरू देखा पर्छन्। यो प्रक्रिया निरन्तर र अनन्त हुन्छ।

**११. ज्ञानको गहिराइका तहहरू (Deepening of knowledge)**

मानव चेतना वा ज्ञान सतही परिघटना (Phenomenon) बाट बिस्तारै भित्री सार (Essence) तर्फ अघि बढ्छ। तर, त्यो सार पनि अन्तिम हुँदैन; कम गहिरो सारबाट मानिस झन् गहिरो सार बुझ्दै अनन्त गहिराइतर्फ अगाडि बढ्छ।

**१२. नयाँद्वारा पुरानोको विस्थापन ( Replacement of the old by the new)**

विकासको क्रममा पुरानो ढाँचा भत्किन्छ र त्यसको ठाउँ नयाँले लिन्छ। तर, यो विस्थापन अन्धाधुन्ध विनाश होइन; नयाँले पुरानोका जीर्ण तत्त्व फाल्छ तर सकारात्मक र उपयोगी तत्त्वहरूलाई भने आफूमा समाहित (Sublation) गर्छ।

**१३. पुरानैको पुनरावृत्ति (Repetition at a higher stage)**

यसलाई 'निषेधको निषेध' (Negation of the negation) को नियम पनि भनिन्छ। विकासको प्रक्रियामा केही रूपहरू पुरानै जस्ता देखिएर फर्किन सक्छन् (जस्तैः आदिम साम्यवादपछि निजी सम्पत्तिको युग र फेरि वैज्ञानिक साम्यवाद), तर त्यो पुरानै तहमा होइन, निकै उन्नत र उच्च वैज्ञानिक धरातलमा पुनरावृत्त हुन्छ।

**१४. मात्राबाट गुणमा फड्को (Transition of quantity into quality)**

स-साना मात्रात्मक (सङ्ख्यात्मक) परिवर्तनहरू बिस्तारै र क्रमिक रूपमा जम्मा हुँदै जान्छन्। जब यो मात्रा एउटा सीमा (सीमा नाघ्ने विन्दु) मा पुग्छ, तब अचानक क्रान्तिकारी फड्को (Leap) का रूपमा नयाँ गुणात्मक परिवर्तन देखापर्छ (जस्तैः पानी तात्दै गएर १००°C मा पुग्दा बाफ बन्नु)।

**१५. कुण्डलाकार विकास (Spiral development)**

विकास कहिल्यै पनि सरल, सीधा वा समतल रेखामा हुँदैन। यो घुमाउरो, स्प्रिङ वा कुण्डलाकार (Spiral) गतिमा अघि बढ्छ। यसमा अगाडि बढ्ने, पछाडि हट्ने, घुम्ने र फेरि अझ माथिल्लो उचाइमा पुग्ने चक्रहरू हुन्छन्।

**१६. अन्तरविरोध नै गतिको मूल स्रोत ( Contradiction as the root of all movement)**

अन्त्यमा, लेनिनले सम्पूर्ण द्वन्द्ववादको चुरो प्रस्तुत गर्नुहुन्छ - कुनै पनि वस्तु, प्रकृति वा समाजको विकास बाह्य दैवी शक्ति वा आकस्मिकताले होइन, त्यसभित्रै रहेका आन्तरिक अन्तरविरोधहरूको सङ्घर्ष र तिनको समाधानबाट नै सञ्चालित हुन्छ। आन्तरिक अन्तरविरोध नै प्रगतिको मूल इन्जिन हो।

लेनिनले यी १६ बुँदाको अन्त्यमा द्वन्द्ववादलाई अति सङ्क्षिप्त रूपमा परिभाषित गर्दै लेख्नुभएको छ : "द्वन्द्ववाद भनेको सङ्क्षेपमा विपरीतहरूको एकताको सिद्धान्त हो।"

***साभार : लोकपाटी***

# ऊर्जा आपूर्ति र विश्व अर्थतन्त्रका विषयमा पुटिन-ट्रम्पबिच महत्त्वपूर्ण संवाद

मस्को/वासिङ्टन,२४ असोज (एपी/सिन्ह्वा)। रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पबिच शुक्रबार महत्त्वपूर्ण टेलिफोन वार्ता सम्पन्न भएको छ। वार्ताका क्रममा युक्रेन सङ्कटको शान्तिपूर्ण समाधानका सम्भावना, विश्वव्यापी ऊर्जा आपूर्तिको अवस्था, इरानसँग सम्बन्धित घटनाक्रम तथा रुस-अमेरिका द्विपक्षीय सम्बन्धका विविध पक्षमा विचार आदानप्रदान भएको क्रेमलिनले जनाएको छ।

क्रेमलिनका अनुसार दुवै राष्ट्रपतिबिच भएको उक्त संवादमा समसामयिक अन्तर्राष्ट्रिय परिस्थितिका महत्त्वपूर्ण विषयहरू समेटिएका थिए। विशेषगरी युक्रेन संकटको समाधानका लागि सम्भावित कूटनीतिक पहल अघि बढाउने, अन्तर्राष्ट्रिय ऊर्जा बजारमा आपूर्ति व्यवस्थालाई सहज बनाउने तथा दुई देशबिच संवाद र सहकार्यलाई निरन्तरता दिने विषयमा छलफल भएको थियो।

**विश्व ऊर्जा आपूर्ति र आर्थिक सहकार्यमाथि जोड**

वार्ताका क्रममा राष्ट्रपति भ्लादिमिर पुटिनले संयुक्त राज्य अमेरिका तथा विश्वका अन्य बजारमा तेल र पेट्रोलियम पदार्थ आपूर्ति गर्न रुस तत्पर रहेको बताउनुभएको छ। उहाँले प्रस्तावित ऊर्जा आपूर्तिले विश्व अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गर्नुभएको समाचारमा उल्लेख छ।

यसै सन्दर्भमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक सञ्जाल ट्रुथ सोसलमार्फत वार्ताबारे जानकारी दिँदै रुसबाट अमेरिकी तथा अन्तर्राष्ट्रिय बजारमा ठुलो परिमाणमा डिजेल इन्धन आपूर्ति गर्ने विषयमा सहमति भएको बताउनुभएको छ।

राष्ट्रपति ट्रम्पका अनुसार रुसले तत्काल तीन लाख टनभन्दा बढी डिजेल इन्धन आपूर्ति गर्नेछ। त्यसपछि नोभेम्बर महिनामा थप पाँच लाख टन तथा त्यसलगत्तै थप १० लाख टन डिजेल उपलब्ध गराउने योजना रहेको उहाँले उल्लेख गर्नुभएको छ। साथै, रुसी डिजेल प्रशोधन केन्द्रहरूको अवस्थालाई ध्यानमा राख्दै छोटो अवधिभित्र थप ३० लाख टन डिजेल आपूर्ति गरिने उहाँको भनाइ छ। राष्ट्रपति ट्रम्पले प्रस्तावित आपूर्तिले अन्तर्राष्ट्रिय बजारमा डिजेलको मूल्य घटाउन तथा विश्वव्यापी ऊर्जा उपलब्धतालाई सहज बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको छ।

**डिजेल निर्यात सहज बनाउने रुसी तयारी**

राष्ट्रपतिहरूबिचको वार्तापछि रुसी उपप्रधानमन्त्री अलेक्जेन्डर नोभाकले डिजेल इन्धन निर्यातसम्बन्धी प्रतिबन्धहरू निर्धारित समयभन्दा अगाडि नै हटाउने प्रक्रिया अघि बढाइने जानकारी दिनुभएको छ।

उहाँका अनुसार रुस संयुक्त राज्य अमेरिका लगायत अन्य साझेदार मुलुकलाई पनि थप परिमाणमा डिजेल इन्धन आपूर्ति गर्न तयार रहेको छ।

यसैबिच, अमेरिकी अर्थ मन्त्रालयले रुसी मूलको डिजेल इन्धनको बिक्री, ढुवानी, जहाजबाट अनलोड तथा आयात गर्न अनुमति दिने अस्थायी सामान्य इजाजतपत्र जारी गरेको समाचारमा उल्लेख छ।

यी घटनाक्रमले अन्तर्राष्ट्रिय ऊर्जा बजारमा आपूर्ति व्यवस्थालाई सहज बनाउने सम्भावना प्रस्तुत गरेका छन्। प्रस्तावित आपूर्ति योजनाले विश्वव्यापी ऊर्जा व्यापार र आर्थिक गतिविधिमा कस्तो प्रभाव पार्छ भन्ने विषय आगामी घटनाक्रमबाट स्पष्ट हुँदै जानेछ।

**युक्रेन सङ्कटको शान्तिपूर्ण समाधानबारे विचार आदानप्रदान**

राष्ट्रपति पुटिन र राष्ट्रपति महामहिम ट्रम्पबिचको वार्तामा युक्रेन सङ्कटको समाधानका सम्भावनाले विशेष प्राथमिकता पाएको क्रेमलिनका सहयोगी युरी उशाकोभले बताउनुभएको छ।

उहाँका अनुसार करिब डेढ घण्टासम्म चलेको उक्त वार्ता मैत्रीपूर्ण तथा विषयवस्तुमा केन्द्रित रहेको थियो। वार्ताका क्रममा राष्ट्रपति पुटिनले द्वन्द्वको वर्तमान अवस्था र त्यससँग सम्बन्धित पछिल्ला घटनाक्रमबारे रुसी पक्षको धारणा प्रस्तुत गर्नुभएको थियो।

उशाकोभले रुसी पक्षले युक्रेनसँग सम्बन्धित सुरक्षा परिस्थितिबारे आफ्ना चासोहरू व्यक्त गरेको जानकारी दिनुभएको छ। साथै, उहाँले रुसी सेनाले युद्धमोर्चामा अग्रसरता कायम राखेको दाबी पनि गर्नुभएको छ।

रुसी पक्षले आफ्नो भूभागमा भएका भनिएका आक्रमण तथा त्यससँग सम्बन्धित सुरक्षा चुनौतीबारे पनि धारणा सार्वजनिक गरेको छ। यी विवरण रुसी अधिकारीहरूको भनाइमा आधारित छन्।

युक्रेन सङ्कटको शान्तिपूर्ण समाधानका लागि कूटनीतिक संवाद, आपसी समझदारी र सम्भावित सहमतिका अवसरहरू महत्त्वपूर्ण रहने सन्दर्भमा दुवै राष्ट्रपतिबिच भएको छलफललाई उल्लेखनीय मानिएको छ। यद्यपि, यस वार्ताबाट तत्काल युद्धविराम वा शान्ति सम्झौता भएको आधिकारिक पुष्टि गरिएको छैन।

**त्रिपक्षीय वार्ता पुनः सुरु गर्ने सम्भावना**

क्रेमलिनका सहयोगी युरी उशाकोभका अनुसार यसअघि रुस, युक्रेन र अमेरिकाबिच त्रिपक्षीय वार्ता पुनः सुरु गर्ने सम्भावनाबारे छलफल भएको थियो। रुसी राज्य ड्युमाको निर्वाचनपछि यस्तो संवाद अघि बढाउन सकिने विषयमा विचार गरिएको उहाँले बताउनुभएको छ।

तर, पछिल्ला घटनाक्रमले तत्काल वार्ता पुनः सुरु गर्ने सम्भावनालाई प्रभावित पारेको रुसी पक्षको धारणा रहेको छ।

उशाकोभले मस्कोसहित अन्य रुसी सहर तथा मतदान केन्द्रहरूमा भएको भनिएको ड्रोन आक्रमण र निर्वाचन प्रक्रियामा संलग्न व्यक्तिहरूमाथि लक्षित गतिविधिप्रति चिन्ता व्यक्त गर्नुभएको छ। उहाँका अनुसार यी घटनाले वार्ताका लागि अनुकूल वातावरण निर्माण गर्ने प्रयासमा चुनौती उत्पन्न गरेको छ।

यस विषयमा रुसी पक्षले आफ्नो धारणा सार्वजनिक गरे पनि त्रिपक्षीय वार्ता पुनः कहिले र कुन प्रक्रियामार्फत अघि बढ्न सक्छ भन्नेबारे थप आधिकारिक जानकारी आउन बाँकी छ।

**इरानको अवस्था र द्विपक्षीय सम्बन्धबारे पनि छलफल**

राष्ट्रपति पुटिन र राष्ट्रपति ट्रम्पबिचको वार्तामा इरानसँग सम्बन्धित परिस्थितिका साथै रुस-अमेरिका द्विपक्षीय सम्बन्धका विभिन्न पक्षमा पनि छलफल भएको क्रेमलिनले जनाएको छ।

दुवै राष्ट्रपतिले आपसी सम्पर्क कायम राख्ने तथा आ-आफ्ना प्रशासन, गुप्तचर निकाय र अन्य सम्बन्धित संस्थाबिच संवाद र सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता दोहोऱ्याउनुभएको छ।

अन्तर्राष्ट्रिय सुरक्षा, क्षेत्रीय स्थिरता र ऊर्जा आपूर्तिजस्ता विषयमा प्रमुख राष्ट्रहरूबिच निरन्तर संवाद कायम रहनु महत्त्वपूर्ण मानिन्छ। यस सन्दर्भमा पुटिन र ट्रम्पबिच भएको पछिल्लो वार्ताले आपसी सम्पर्क तथा कूटनीतिक संवादलाई निरन्तरता दिने प्रयासलाई प्रतिबिम्बित गरेको छ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबिच भएको पछिल्लो टेलिफोन वार्तामा युक्रेन सङ्कटको समाधान, अन्तर्राष्ट्रिय ऊर्जा आपूर्ति तथा द्विपक्षीय सम्बन्धका महत्त्वपूर्ण विषयमा विचार आदानप्रदान भएको छ।

रुसले अन्तर्राष्ट्रिय बजारमा डिजेल इन्धन आपूर्ति बढाउने तत्परता व्यक्त गरेको छ भने अमेरिकाले रुसी मूलको डिजेल कारोबारका लागि अस्थायी अनुमति जारी गरेको विवरण सार्वजनिक भएको छ। यससँगै युक्रेन सङ्कट समाधानका सम्भावना, सम्भावित त्रिपक्षीय वार्ता र आपसी सहकार्यलाई निरन्तरता दिने विषयमा पनि छलफल भएको छ।

उक्त संवादलाई अन्तर्राष्ट्रिय ऊर्जा आपूर्ति, कूटनीतिक सम्बन्ध तथा क्षेत्रीय स्थिरतासँग सम्बन्धित विषयमा उच्चस्तरीय सम्पर्क कायम राख्ने महत्त्वपूर्ण प्रयासका रूपमा लिन सकिन्छ। आगामी दिनमा प्रस्तावित ऊर्जा आपूर्ति योजनाको कार्यान्वयन, युक्रेन सङ्कट समाधानका लागि हुने कूटनीतिक पहल तथा रुस-अमेरिका सम्बन्धमा विकसित हुने परिस्थितिले यस वार्ताको व्यावहारिक महत्त्व थप स्पष्ट पार्नेछ।

***के...***

इजिप्टका लागि ग्रान्ड इथियोपियन रेनेसाँस ड्याम (GERD) सम्बन्धी विवाद अझै प्रमुख रणनीतिक चिन्ताको विषय बनेको छ। इरिट्रियाका लागि भने इथियोपियाले लाल सागरमा पहुँच खोजिरहेको विषयलाई राष्ट्रिय सुरक्षाको दृष्टिकोणबाट हेरिन्छ।

सुडानका छिमेकी राष्ट्रहरूका लागि, यो द्वन्द्वले क्षेत्रीय शक्ति सन्तुलनलाई पुनः परिभाषित गर्न सक्ने खतरा बोकेको छ।

**के इजिप्ट, इरिट्रिया, सुडान र सोमालियाले हस्तक्षेप गर्ला ?**

इथियोपियाका क्षेत्रीय प्रतिद्वन्द्वी राष्ट्रहरूबिच रहेका साझा हितहरूले आवश्यक रूपमा प्रत्यक्ष सैन्य हस्तक्षेपको अर्थ लगाउँदैनन्।

इजिप्टका लागि नाइल नदी र सुडानसँग सम्बन्धित आफ्नै रणनीतिक हिसाबकिताबहरू छन्। इरिट्रियाको चासो भने टिग्रेमा भइरहेका घटनाक्रमसँग प्रत्यक्ष रूपमा राष्ट्रिय सुरक्षासँग जोडिएको छ। सोमालिया आफ्नै सुरक्षा चुनौतीहरू र अडिस अबाबासँगको जटिल सम्बन्धसँग जुधिरहेको छ। त्यस्तै, सुडान अझै पनि विनाशकारी गृहयुद्धमा अल्झिएको छ।

यता, इथियोपियाका सङ्घीय सेनाले एकै समयमा धेरै मोर्चामा लड्नुपर्ने सम्भावनाको सामना गरिरहेका छन्।

टिग्रे पिपुल्स लिबरेसन फ्रन्ट (TPLF), अम्हारा फानो र ओरोमो लिबरेसन आर्मी (OLA) ले देशका विभिन्न भागहरूमा सङ्घीय सरकारलाई चुनौती दिन खोजिरहेका छन्।

यदि यी समूहहरूले प्रमुख जनघनत्व भएका सहरहरूबाट पछि हट्दै सेनामाथि निरन्तर दबाब कायम राख्न सके भने, मेकेल्लेको पतन सम्भवतः युद्धको अन्त्य नभई धेरै लामो द्वन्द्वको पहिलो चरण मात्र साबित हुन सक्छ।

इथियोपियाका प्रतिद्वन्द्वी राष्ट्रहरूका लागि अहिलेको मुख्य प्रश्न भनेको त्यसको कमजोर अवस्थाको फाइदा उठाउने कि अर्को क्षेत्रीय युद्धमा तानिनबाट बच्ने भन्ने हो।

क्षेत्रीय संलग्नताको स्तर अन्ततः टीपीएलएफले सङ्घीय सेनालाई टिग्रेमा व्यस्त राख्न र इरिट्रियाली सीमाबाट टाढा राख्न कत्तिको सफल हुन्छ भन्ने कुरामा निर्भर हुनसक्छ।

"काइरोले वर्तमान युद्धमा इथियोपियालाई सफल हुन नदिन प्रतिबद्ध हुनुको कारण बुझ्न गाऱ्हो छैन, चाहे इथियोपियाली सेनाको उद्देश्य जे सुकै होस्, जसमा अबिइले बारम्बार उल्लेख गर्ने लालसागरसम्म पहुँचको लक्ष्य पनि समावेश छ," मियामी विश्वविद्यालयका डिन्काले भने।

अबको प्रश्न भनेको यी क्षेत्रीय रणनीतिक हिसाबकिताबहरू कूटनीतिक तहमा मात्र सीमित रहनेछन् वा प्रत्यक्ष रूपमा युद्धभूमिसम्म फैलिनेछन् भन्ने हो।



घटस्थापनाको दिन जमरा राख्नका लागि परम्परागत माटोका भाँडा बेच्दै स्थानीय । *तस्बिर : दिनेश*

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप - १४२

**विशेष प्रहरी कार्य दल (एसटीएफ) प्रमुख प्रहरी उपरीक्षक ऋषिराम कँडेल**

सङ्घीय संसद् भवन परिसर सुरक्षार्थ खटिएको विशेष कार्यदलले प्र.व.उ. दीपशमशेर जबराको आदेशमा भिड तितरबितर गराउन बल प्रयोग गरेको तर लाइभ फायर प्रयोग नगरेको भन्ने प्र.उ. कँडेलको भनाइ रहेको छ । उक्त दिनको घटनामा भएको हताहतको सङ्ख्या र उपलब्ध मृतकहरूको शव परीक्षण प्रतिवेदन, घाइतेहरूको कागज, अस्पतालको रिपोर्ट आदि समेतबाट लाइभ फायर गरेको देखिन्छ । त्यसकारण, निज प्र.उ. कँडेलको भनाइ तथ्यपरक देखिँदैन ।

सङ्घीय संसद् भवनको सुरक्षाको लागि आवश्यक पर्ने Rule of Engagement (ROE) को अभावमा नै STF तहाँ तैनाथ भएको देखिन्छ । तर, सङ्घीय संसद् भवनजस्तो देशकै संवेदनशील ठाउँमा तैनाथ गर्नुभन्दा अगाडि ROE बनाई Scenario Based प्रशिक्षणसहित Mock Drill गरिरहनुपर्ने हुन्छ । STF को कमान्डरले बल प्रयोग गर्न चाहिने ROE बनाउनुपर्नेमा सो गरेको देखिएन । सङ्घीय संसद् भवनमा सुरक्षार्थ खटिने STF को सञ्चार सेटसँग नेपाल प्रहरीको सम्पर्क नहुने भनी आयोगसमक्ष दिएको बयान कागजले पनि STF र स्थानीय प्रहरीहरूबिच सहकार्यमा काम गर्न असजिलो हुने विषयलाई समाधान गर्न उपत्यका प्रहरी कार्यालय रानीपोखरीसँग समन्वय हुने सञ्चारसेट उपलब्ध गर्न गराउन कुनै पहल गरेको देखिएन ।

**सशस्त्र प्रहरी उपरिक्षक जीवन केसी**

सशस्त्र प्रहरी बल काठमाडौँ जिल्लाको Overall Commander को हैसियतले सम्पूर्ण अवस्था नियन्त्रणमा राख्न नसकिएको मुख्य कारण सीमित साधन र जनशक्ति, अनि त्यसदिनको विषम परिस्थितिमा थप मानवीय क्षति रोक्न न्यूनतम बल प्रयोगको सिद्धान्तअनुसार नै Field Commander परिचालन भएको हो भन्ने स.प्र.उ. केसीको जिकिर रहेको छ । भदौ २४ गतेको घटनामा नेपाल प्रहरीका अधिकारीहरूले सशस्त्र प्रहरीबाट आवश्यक सहयोग नपाएको भन्ने गुनासो गरेका छन् । स.प्र.उ. केसी भदौ २३ गतेको घटनामा सङ्घीय संसद् भवन परिसरमा खटिएर पनि नेपाल प्रहरीसँग फिल्डमा निजको व्यावसायिक कमजोरीका कारण प्रभावकारी समन्वय नहुँदा सुरक्षा संयन्त्र कमजोर हुन गई प्रदर्शनकारी युवाहरूको हताहत र घाइतेको सङ्ख्या बढ्न गएको थियो ।

आफै फिल्डमा गई Direct Command सम्हालेको अवस्थामा सङ्घीय संसद् भवन परिसरमा घटिरहेका घटनाको सही मूल्याङ्कन गरी सही समयमा सही निर्णय लिनुपर्ने निजको दायित्व थियो । त्यसमा उनको कमाण्डमा भएको सशस्त्र प्रहरी बलले हवाइफायर मात्र गरेको भन्ने निजको जिकिर रहेको र फिल्डमा हताहत र घाइतेहरूको सङ्ख्या हेर्दा हवाईफायर मात्र गरिएको भन्ने भनाइ तर्कसङ्गत देखिँदैन ।

भदौ २३ गते संसद् भवन परिसर वरपर दिउँसोको करिब १२:०० बजेदेखि प्रदर्शनकारी र सुरक्षा बलबिच झडप भई करिब चारघण्टासम्म गोली चली हताहतको सङ्ख्या वृद्धि भइरहँदा तनाव कम गरी स्थितिलाई नियन्त्रणमा लिन गोली प्रहार (Cease Fire) रोकी वार्ता गर्न निजले कुनै आवश्यक पहल गरेको देखिएन । निज फिल्डमै खटी वास्तविक सुरक्षा स्थितिबारे जानकारी भइरहँदा पनि स्थितिलाई नियन्त्रणमा लिन आवश्यक पहल गर्नुपर्नेमा सो नगरी कर्तव्यबाट बिमुख भएको देखिन्छ ।

# बडा दसैँ २०८३ को अवसरमा सचेतना र्‍याली सम्पन्न

भक्तपुर, असोज २४ । भक्तपुर नगरपालिका वडा नं. ९ स्थित सामुदायिक विद्यालयहरूको समन्वय समितिको वार्षिक कार्यतालिकाअनुसार शनिबार बडा दसैँ २०८३ को अवसरमा सचेतना र्‍याली सम्पन्न भयो ।

वागीश्वरी मावि, सरस्वती विद्यागृह मावि र दत्तात्रय आविको संयुक्त आयोजनामा वागीश्वरीको प्राङ्गण च्याम्हासिंहबाट निकालिएको उक्त र्‍याली सूर्यमढी, दत्तात्रय, इनाचो, गोल्मढी, लालाछेँ, भोलाछेँ, महालक्ष्मी, क्वाठण्डौ, नगांचा, मूलढोका, पाइपलाइन, लान्चाफल्चा, कमलविनायक आवास, तुमचो हुँदै सरस्वती विद्यागृहमा पुगी र्‍याली टुङ्गिएको थियो ।

र्‍यालीमा 'जुवा तास नखेलौँ, संस्कृतिलाई सभ्य बनाऔँ, चङ्गा उडाऔँ तर दुर्घटनाबाट जोगिऔँ, लङ्गुरबुर्जा नखेलौँ जुवाडे नबनौँ, मद्यपान नियन्त्रण गरौँ' जस्ता अनेक प्लेकार्डहरू विद्यार्थीहरूले बोकेका थिए ।

र्‍यालीपछि आयोजित सभामा शुभकामना मन्तव्य दिँदै समन्वय समितिका संयोजक ज्ञानसागर प्रजापतिले र्‍यालीमा सहभागी विद्यार्थीहरूलाई प्लेकार्डमा भएको नाराअनुसार गर्न सपथ खुवाउँदै समाजमा हामी आफै नमुना बन्न सक्नुपर्छ भन्नुभयो ।

सभामा वागीश्वरी माविका प्रअ कृष्णप्रसाद कर्माचार्यले सहभागी सबैलाई धन्यवाद दिँदै एकापसमा मिलेर संस्कृति सुन्दर बनाउने जिम्मा हामी सबैको हो भन्नुभयो भने सरस्वती विद्यागृहका प्रअ गुनराज साम्पाङले अनुशासित विद्यार्थीहरू नकारात्मक कुनै पनि क्रियाकलापमा नलाग्ने विश्वास व्यक्त गर्दै समाज सभ्य बनाउन विद्यार्थीहरूले ठूलो भूमिका निर्वाह गर्नसक्ने विचार व्यक्त गर्नुभयो । सभामा दत्तात्रय आविका प्रअ सज्जनमान प्रधानले पनि बोल्नुभएको थियो ।

भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.
च्याम्हासिंह-९, भक्तपुर

हार्दिक धन्यवाद



यस संस्थाको २९ औं वार्षिक साधारणसभा सम्पन्न गर्न सहयोग गर्नुहुने प्रमुख अतिथि, अतिथि, समिति, उपसमिति, सल्लाहकार, संस्थाका शेयर सदस्यहरू, संस्थापकहरू, सांस्कृतिक गुरुहरू, गन्यमान्य व्यक्तित्वहरू, ब्रह्मायणी पीठ विकास समिति परिवार, ख्वप अस्पताल, पारागन एकेडेमी, सनिस फर्निचर, साइन उडेन इन्डस्ट्रिज, आदरणीय स्थानीय व्यक्तित्वहरू, शुभचिन्तकहरूलगायत प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सबैमा यस संस्थाको तर्फबाट हार्दिक आभार एवं धन्यवाद व्यक्त गर्दछ ।

साथै

२०८३ सालको महान चाड विजया दशमी तथा दीपावलीको पावन अवसरमा सम्पूर्ण शेयर सदस्य तथा शुभचिन्तकहरूमा सुख, समृद्धि र सु-स्वास्थ्यको कामना गर्दछ ।

# बाढीपहिरोले क्षतिग्रस्त बेँसीसहर–चामे सडक स्तरोन्नति गर्न एक अर्ब लाग्ने

लमजुङ, २४ असोज । बाढीपहिरोले क्षति पुर्‍याएको बेँसीसहर–चामे खण्डका संरचना, पक्की सडक तथा पुल निर्माणका लागि रु. एक अर्ब आवश्यक पर्ने भएको छ । बेँसीसहरबाट चामेसम्मको सडकको समग्र स्तरोन्नतिका लागि भने रु. तीन अर्ब लागत अनुमान गरिएको छ ।

डुम्रे-बेँसीसहर-चामे सडक आयोजनाले दुवै कामका लागि छुट्टाछुट्टै प्रस्ताव सम्बन्धित मन्त्रालयमा पठाएको आयोजना प्रमुख सतीश सुवेदीले बताउनुभयो । उहाँका अनुसार असोज ८ देखि ११ गतेसम्म परेको अविरल वर्षासँगै आएको बाढीपहिरोले ६५ किलोमिटर लामो बेँसीसहर–चामे सडकका ३५ भन्दा बढी स्थानमा क्षति पुर्‍याएको थियो । तीमध्ये छ स्थानमा सडकको ट्र्याक क्षतिग्रस्त भएको थियो ।

रामबजार, नार्सों गाउँपालिका–३ को खोत्रो तथा मनाङको कोतोलगायत स्थानमा बढी क्षति पुगेको आयोजना प्रमुख सुवेदीले बताउनुभयो । विभिन्न स्थानका काठे पुलसमेत बगाएको थियो । बाढीपहिरोका कारण छ दिनसम्म सडक अवरुद्ध भएको थियो । सडक खुलाउन विभिन्न स्थानमा नयाँ ट्र्याक खोल्नुपरेको थियो ।

"नार्सों गाउँपालिका–३ स्थित खोत्रोमा माथिबाट खसेका ठुला ढुङ्गा बम ब्लास्टिङ गरी हटाएपछि सडक सञ्चालनमा ल्याइएको थियो । हाल सडक सञ्चालनमा रहे पनि विभिन्न स्थानमा मर्मत तथा स्तरोन्नति गर्नुपर्ने छ", आयोजना प्रमुख सुवेदीले भन्नुभयो । बाढीपहिरोबाट क्षतिग्रस्त स्थानमा सडक सुधार गरी पक्की सडक निर्माण तथा बगाएका काठे पुलको स्थानमा पक्की पुल बनाउन रु. एक अर्ब आवश्यक पर्ने अनुमान गरिएको उहाँले जानकारी दिनुभयो ।

सोहीअनुसार बजेट माग गर्दै केही दिनअघि सम्बन्धित मन्त्रालयमा प्रस्ताव पठाइएको सुवेदीले उल्लेख गर्नुभयो । हाल उपलब्ध स्रोतसाधनबाट सडकका विभिन्न स्थानमा सामान्य मर्मत तथा स्तरोन्नति भइरहेको उहाँले बताउनुभयो । बाढीपहिरोपछि सडक खुलाउन आयोजना, स्थानीय तह तथा जलविद्युत् आयोजनाका डोजरलगायत उपकरण परिचालन गरिएको थियो ।

यसैगरी, तीन वर्षअघि तयार गरिएको विस्तृत परियोजना प्रतिवेदन ( डीपीआर) अनुसार बेँसीसहरबाट चामेसम्मको सडकको समग्र स्तरोन्नतिका लागि रु. तीन अर्ब लागत अनुमान गरिएको आयोजना प्रमुख सुवेदीले जानकारी दिनुभयो । सडक कालोपत्र, आवश्यक स्थानमा ढलान तथा पक्की पुल निर्माणसहित स्तरोन्नति गर्ने लक्ष्य राखिएकाले डीपीआरअनुसार बजेट माग गर्दै मन्त्रालयमा प्रस्ताव पठाइएको आयोजना उहाँले बताउनुभयो ।

प्रमुख सुवेदीका अनुसार रु. तीन अर्ब उपलब्ध भए सडकको समग्र स्तरोन्नतिसँगै बाढीपहिरोबाट क्षति पुगेका स्थानको सुधार तथा पुनर्निर्माणसमेत गर्न सकिनेछ । रु. एक अर्ब उपलब्ध भए तत्काल क्षति पुगेका स्थानमा पक्की सडक तथा पुल निर्माण अघि बढाउन सकिने उहाँले बताउनुभयो । बेँसीसहर–चामे सडक लमजुङ र मनाङलाई जोड्ने प्रमुख मार्ग हो । सडकको स्तरोन्नति तथा क्षतिग्रस्त संरचनाको पुनर्निर्माणले यातायात आवागमन सहज बनाउनुका साथै स्थानीय बासिन्दा, पर्यटक र दैनिक उपभोग्य सामग्रीको ढुवानीमा समेत सहजता ल्याउने अपेक्षा गरिएको छ । रासस

चाडपर्व मनाऔं: सामाजिक सद्भाव कायम राखौं

- आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झै-झगडा र हिंसाबाट टाढा रहौं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

***सम्पदाको...***

कार्यक्रममा अभिषेक बज्राचार्यले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

प्रदर्शनीले नेपाली मौलिक वास्तुकलाको विविधता, ऐतिहासिक सम्पदाको महत्त्व तथा परम्परागत बस्ती र भवनहरूको संरक्षण आवश्यकताबारे सर्वसाधारणलाई जानकारी गराउनुका साथै नेपालको सांस्कृतिक पहिचान संरक्षणमा वास्तुकलाको भूमिकालाई उजागर गरेको छ ।

***देशको...***

● सङ्घीय राजधानी काठमाडौँ सुन तस्करीको 'ट्रान्जिट हब' बनेको सार्वजनिक भयो । त्यसो त देशको कार्यकारी प्रमुख प्रधानमन्त्री र मन्त्रीहरूको कार्यालय रहेको सिंहदरबार भ्रष्टाचारको अखडा भएको धेरै अगाडि नै सार्वजनिक भएको थियो । यहाँ बढ्दो बसाइँसँगै फोहरमैलाको व्यवस्थापन, सडक जाम, धुवा-धुलो प्रदूषण र अपराधको सङ्ख्या पनि बढ्दो छ । यो समस्या रास्वपा सरकारबाट समाधान हुने कुनै सङ्केत छ र ?

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा